साप्ताहिक

# गोरखा एक्सप्रेस

www.gorkhaexpress.com.np
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ३५ अंक ४१ २०७४ साल जेठ ६ गते शनिबार (May 20, 2017) मूल्य रू. १०/-

## चुनावमा जान्छौं



जनकपुर । जेठ ७ गते जनकपुर टुडेको १८औं वार्षिकोत्सवको कार्यक्रममा पुगेका प्रधानमन्त्री पुष्पकमल दाहालले ब्यालेटको मोर्चामा आउन मधेसी दलहरुलाई सुझाइरहेका थिए, काठमाडौं फर्केर उपेन्द्र यादवले जवाफ फर्काए- संविधान संशोधन नभए पनि ब्यालेटले जवाफ दिन्छौं ।

अर्थात मधेसवादी दलहरु दोश्रो चरणको निर्वाचनमा सहभागी हुन भित्रभित्रै तैयार भएका छन् ।

(बाँकी ७ पृष्ठमा)

# राजदूतको छक्का, देउवा र ओलीलाई धक्का

*भारतीय राजदूतको पहलमा दोश्रो चरणको ४१ जिल्लाको स्थानीय तहको निर्वाचनमा माओवादी, मधेसी र कांग्रेसको तालमेल हुने भएको छ। दिल्लीको मन्त्र र राजदूतको तन्त्रमा बढी विश्वास गर्ने मधेसी मोर्चाहरु संविधान संशोधन गर्न नचाहनेलाई ब्यालेटले जवाफ दिने बताउन थालेका छन्। चङ्गा उडाउन ग्वाँख हालेझैं भारतको ग्वाङ् र पुतली नाचेझैं नाच्न भारतले नै दम दिनुपर्ने दलहरुले दोश्रो चरणको निर्वाचनमा पहिलो चरणको निर्वाचनको ठूलो विजेता बनेको एमालेलाई इटाको जवाफ पत्थरले दिन जनमत एकीकृत गर्न सक्लान् त ? अहिले नै देखियो, एमालेको संगठन र आमनागरिक चयन एमाले रहेछ। बिगत जतिसुकै तीतो भए पनि वर्तमानमा एमालेको राष्ट्रवाद जनताको च्वाइस बनेको छ, यी भारतीय राजदूतले जनतालाई सत्ताधारी र मधेसी दलहरुको भ्वाइस बनाउन सक्लान् ?*

पहिलो चरणको निर्वाचनको नतिजा प्रकाशित भइरहदा माओवादी केन्द्रको सातो गयो, एमालेले जता पनि लिड गर्दै गएको खबरले भारतीय दूतावासको निद हराम भएको खबर छ । जेठ ५ गतेदेखि निरन्तर ाभरतीय दूतावासमा कांग्रेस सभापति शेरबहादुर देउवासहित सत्ताधारीका प्रतिनिधि र मधेसवादी दलका नेताहरुवीच नियमित भेटघाट र टेलिफोन सम्पर्क भइरहेको छ, एमालेले स्थानीय तहमा जग हाल्दा, कांग्रेस, माओवादी र मधेसवादीभन्दा भारतलाई पर्नु पीर परेको देखिदैछ ।

१, २, ५ र ७ नम्बर प्रदेशमा जेठ ३१ गते निर्वाचन हुँदैछ । अझै पनि होला र ? भन्ने अन्यौल कायमै रहे पनि अव निर्वाचन रोक्न नसकिने स्थिति सिर्जना भइसकेको छ । ४१ जिल्लामा हुने यी निर्वाचनमा एमालेलाई कसरी पछि पार्ने, उसको बढत रोक्ने र सत्ताधारी तथा मधेसी दलहरुको प्रभाव कायम राख्ने भन्ने विषयमा राजदूतको अग्रसरतामा वैठकहरु भइरहेका हुन् । राजदूतले मधेसमै एमाले दोश्रो दल बन्नसक्ने र समष्ठिमा दोश्रो चरणको परिणामले एमालेलाई पहिलो बनाउन सक्ने आँकलन पेश गरेपछि एमालेलाई पछार्ने रणनीति बन्न थालेको खबर छ । यसका लागि राजदूत मञ्जिव सिंह पुरीले यही सरकारबाट दोश्रो चरणको निर्वाचन



हुनुपर्ने बताएपछि कांग्रेससँगको सहमति नतोड्ने प्रवक्ता पम्फाभुसालको दावी झूठो हुनसक्ने अनुमान गरिएको छ । यिनै राजदूतले मधेसी दलहरुलाई निर्वाचनमा सहभागी हुन दिएको निर्देशनले पहिलो चरणको बहिष्कार गरेका मधेसीहरु संकटमा फसे पनि उपेन्द्र यादवले भाग लिने बताएर संकट टारिदिएका छन् ।

मधेसी एक नेताका अनुसार मधेसी दलहरुले साझा उमेदवार खडा गर्नेछन् र ती सबैले जित्ने निश्चित छ । एमालेले मधेसमा चुनाव जित्ने कुरा नचिताए पनि हुन्छ । मधेसमा माअेवादी र कांग्रेससँग समेत तालमेल हुने तिनले बताए ।

समष्ठिमा चुनावी महायज्ञको घोडा रोक्न भारतीय राजदूतले माओवादी, कांग्रेस र मधेसवादीलाई एकाकार गरेका छन् । यसका लागि भारतीय दूतावासले अपनाउने आर्थिक, राजनीतिक शक्ति परिचालन हेर्न लायक परिदृश्य हुनेछ । यदि दूतावासले खुल्ला रुपमा अगाडि सऱ्यो भने त्यो अवस्थाले नेपाल भारत सम्बन्धमा समेत नराम्रो असर पर्नसक्ने विज्ञहरुको विश्लेषण सार्वजनिक हुन थालिसकेको छ ।

दोश्रो चरणको निर्वाचन र प्रदेश तथा केन्द्रको चुनाव पनि मै गराउँछु भनेर तातेका कांग्रेस सभापति भारतीय राजदूतले मधेसी दलहरु वर्तमान सरकारले नै चुनाव गराओस् भन्ने चाहेको बताएपछि एकाएक सेलाउन पुगेका छन् । यद्यपि उनको छिटो प्रधानमन्त्री बन्ने प्रयास जारी छ ।

सभापतिले राजदूत, न्यायाधीश, आइजीपी नियुक्तीमा जुन काँचोपन देखाए, त्यसका कारणले कांग्रेस एमालेभन्दा चाउरिनु परेको आरोपले कांग्रेस दरवार नराम्ररी कम्पन भइरहेको छ ।

तथापि स्थानीय निकाय थप्नुपर्ने, संविधान संशोधन हुनुपर्ने,मुद्दा फिर्ता र क्षतिपूर्ति पाउनुपर्ने आदि मधेसी मागहरु आंसिक पूरा गरेर चुनावमा सहभागी होलान् ? यस्ता अनगिन्ति प्रश्नहरुका वीचमा सरकारको नीतिकार्यक्रम र बजेट आउँदैछ, कसरी दोश्रो चरणको निर्वाचन सम्भव होला ? आशंका बाँकी नै छन् ।



## मंगोल समुदायका बिक्रम राजबंशी उपमेयरमा विजयी

झापा – मंगोल समुदायका बिक्रम राजबंशी उपमेयरमा विजयी भएका छन् । यो मंगोल समुदायकै जित मानिएको छ ।

झापा, २०७४ जेठ ६ – झापा जिल्लाको बिर्तामोड नगर पालिकाको उपमेयर पदमा मंगोल समुदायका प्रतिनिधि बिक्रम राजबंशी निर्वाचित भएका हुन् । उनले निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार रमेश पोखरेललाई ९,८५० मतको मतान्तरले पराजित गर्दै उपप्रमुख पदमा विजय हासिल गरेका हुन् ।



स्वतन्त्र उम्मेदवारको रूपमा मैदानमा उत्रिएका राजबंशीले कुल २४,७५० मत प्राप्त गरे भने उनका प्रतिस्पर्धी पोखरेलले १४,९०० मत ल्याए । राजबंशीले स्थानीय तहमा समुदायको समावेशी प्रतिनिधित्व र पारदर्शी नेतृत्वको एजेन्डा लिएर चुनाव लडेका थिए । विजयी घोषणा भएपछि नगरभर खुसियाली छाएको छ। उनका समर्थकहरूले फूलमाला र जातीय पहिचान झल्काउने झाँकीसहित विजय यात्रा निकालेका थिए । राजबंशीले प्रतिक्रिया दिँदै भने, "यो विजय मंगोल समुदाय मात्र होइन, सम्पूर्ण झापा बासीको हो । म सबै समुदायको आवाज बनेर काम गर्नेछु ।"

उनको निर्वाचन मंगोल समुदायको राजनीतिक प्रतिनिधित्वका हिसाबले ऐतिहासिक मानिएको छ । स्थानीय विश्लेषकहरूका अनुसार, राजबंशीको व्यक्तिगत लोकप्रियता, स्पष्ट एजेन्डा र समुदायसँगको घनिष्ट सम्बन्धले उनलाई यो विजय दिलाउन मद्दत पुऱ्याएको चुनावी विश्लेषण गरिएको छ ।

## आचार नाघ्दा पनि आयोग लाचार

*वीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाई, सदस्यहरु धनराज ज्ञवाली, गणेशप्रसाद पाण्डेय, कपिल देव ओली र सुगतरत्न कंसाकार छन्। यी पाँचै जनाले नयाँ वीमा कम्पनी इजाजत दिन हात चाटेर सही धस्काएकाले उच्चस्तरीय छानबिन समिति बन्यो भने सबैको हातमा हथकडी लाग्न सक्छ भन्छन् विज्ञहरु।*




काठमाडौं । खाने मुखलाई जुँगाले छेक्दैन भन्ने उखान अर्थमन्त्री कृष्णबहादुर महराले १० वीमा कम्पनीको इजाजत दिएर सावित गरिदिएका छन् । राष्ट्र चुनावमय भइरहेको छ, अर्थमन्त्री मौकामा चौका हान्दैछन् । अर्थमन्त्रालयलाई भ्रष्टाचारमय बनाएर अर्थतन्त्रमा समेत घात गर्दैछन् ।

निर्वाचन आचारसंहिता लागूभएपछि दीर्घकालीन प्रभाव हुने कुनै निर्णय गर्न पाइन्न र गर्नैपर्ने भए निर्वाचन आयोगको पूर्वस्वीकृति लिनुपर्छ । तर अर्थमन्त्रीले निर्वाचन आयोगलाई समेत चुनौती दिएर वीमा समितिको काँधमा बन्दुक राखेर वीमा कम्पनी सञ्चालन गर्ने निर्णय गराए, १० वीमा कम्पनीले इजाजत पाइसके भने थप २ ले आजभोलि पाउने भएका छन् ।

५० करोडको ब्रिफकेसले यो निर्णय गराएको आरोप वीमा समितिकै कर्मचारीहरु बताउँछन् । नजराना लिएर वीमा कम्पनीलाई इजाजत दिनु योभन्दा ठूलो भ्रष्टाचार अरु के हुनसक्छ, वीमा विज्ञहरुको टिप्पणी छ ।

अर्थमन्त्री महराले आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, एनआरएनहरुको लगानी रहेको सानिमा लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, स्टार लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड, रिलायवल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स र स्ट्याण्डर्ड लाइफ इन्स्योरेन्स कम्पनीलाई नयाँ बीमा कम्पनी सञ्चालन अनुमति दिएका हुन् । यही उद्देश्यका

(बाँकी ७ पृष्ठमा)

## बजारभरि विषादीयुक्त आँप

काठमाडौं । बजारभरि विषादीयुक्त आँप छ्यापछ्याप्ती आएका छन् । फलफूल विक्रेताले देख्दै लोभलाग्दा आँपहरु घरघरमा पुऱ्याइरहेका छन् । काँचा आँपहरु ल्याएर विषादीको प्रयोगबाट २ दिनमै पहेलपुर पार्ने र उपभोक्तालाई बेच्ने काम भइरहेको छ ।

आँपको सिजन सुरु हुनु महिना दिन अगावैदेखि विषादीको प्रयोगबाट पकाएर बजारमा आँप ल्याइएको छ । यस्ता आँप बजारमा आएको महिनादिन भइसक्यो । विषादीयुक्त फलफूलले जनस्वास्थ्यमा कस्तो असर पार्छ, रोगव्याधि कति बढ्छ, नियन्त्रण र निगरानी गर्ने निकाय सक्रिय देखिदैनन् । व्यापारीहरु मौका छोपेर उपभोक्तालाई विषादीयुक्र आँप बेचिरहेका छन् ।

पहिले विषादी प्रयोग भएका सागसव्जीमा निकै हल्लाखल्ला गरेर तरकारी बजारमा निगरानी र जाँचसमेत गरियो । तर त्यो जाँच र निगरानीले निरन्तरता पाउन सकेन । तरकारी बजारमा पुन: विषादी प्रयोग गरेका सागसव्जी बिकिरहेका छन् । यो हल्लापछि अर्गानिक भनेर बेच्नेहरु पनि खुब व्यापार गरिरहेका छन् ।

भारतीय आँप नेपालमा ओइरिएका छन् र ती आँपलाई देख्दै आकर्षक बनाउनसमेत विभिन्न खाले पाउडरको प्रयोग भइरहेको विज्ञहरुले बताएका छन् । मुम्बइया, दसहरालगायतका अनेक जातका आँप सिजनभन्दा अगावै ल्याएर उपभोक्ताको ढोकासम्म पुऱ्याउने काम भइरहेको छ । स्वयं आँप व्यापारीहरु औषधि हालेर पकाइएको स्वीकार गर्छन् । तर सरकारका कृषिसम्बद्ध निकाय र उपभोक्ता समिति उपभोक्तालाई किन सचेत र सतर्क गर्दैन ? डाक्टरहरुसमेत औषधियुक्त आँप स्वास्थ्यका लागि हानिकारक बताइरहेका छन् ।



## सर्वाधिक चासो : भरतपुरको मेयर को ?

*चितवन । भरतपुर नगरपालिकाको मेयरमा देवी ज्ञवाली कि रेणु दाहाल, कसले जित्ला ?*

*चुनाव स्थानीय तहको हो, तर चर्चा काठमाडौं स्थित विदेशी कूटनीतिज्ञदेखि, राजनीतिक बृत्त र आमजनचासोमा छाएको छ । भरतपुर महानगरको चुनाव परिणाममा यति धेरै चासो हुनुमा प्रधानमन्त्री पुष्पकमल दाहालकी छोरी रेणु दाहालको उमेदवारी र यो उमेदवारीलाई नेपाली कांग्रेसको समर्थन रहनु हो ।*




*सत्ताधारी माओवादी र ठूलो पार्टी नेपाली कांग्रेसको साझा उमेदवार रेणु दाहालभन्दा अझै पनि एमालेका देवी ज्ञवाली अगाडि रहनु भनेको एमाले कति मजबुत पार्टी रहेछ भन्ने एकातिर देखिएको छ भने अर्कोतिर एमाले सशक्त प्रतिपक्षी त थियो नै, अव सशक्त पार्टीका रुपमा स्थापित हुनपुगेको अर्थमा पनि विश्लेषण भएको छ । एमालेले भरतपुरमा पनि बाजी माऱ्यो भने चुनाव एमालेका लागि ऐतिहासिक नै हुनेछ ।*

*यद्यपि प्रधानमन्त्रीका प्रेस सल्लाहकारले चितवनको निर्वाचनमा प्रधानमन्त्रीले कुनै चासो नराखेको बयान सार्वजनिक भएको छ । यो यथार्थ होइन, किनभने निर्वाचन सम्पन्न गराएको जस लिने र निर्वाचनको परिणाम आउन थालेपछि रुझान माओवादी केन्द्र विपरित देखिन थालेपछि प्रधानमन्त्रीले जसले जिते पनि देशले जित्ने प्रतिक्रिया दिएका थिए । चुनाव र मतगणना भइरहदा प्रधानमन्त्री दुईपटक चितवन पुगेका थिए । यी घटनाक्रमले पनि प्रधानमन्त्रीलाई भरतपुरको मेयरको नतिजामा चसो छैन भन्न सकिन्न ।*

*स्थानीय तहको निर्वाचनको यो पहिलो चरण हो । दोश्रो चरण जेठ ३१ मा गर्ने निधो भएको छ र*

(बाँकी ७ पृष्ठमा)



## युवा आवाज
धर्मरत्न श्रेष्ठ

# पालुङटारमै पछारिएपछि लाजमर्नु

एसएलसीका बोर्डफस्ट बाबुराम २०७४ को स्थानीय तहको निर्वाचनमा फेल । निकै फुर्तिफार्तीका साथ नयाँशक्ति पार्टी गठन गरेर झ्याली त पिटियो, नतिजा बाठो खान्छ तीन बल्ड्याङ पो देखियो । अनि मुख नछोपे के गर्ने ?

पालुङटार, बाबुरामको आफ्नै निर्वाचन क्षेत्र । उनको गाउँक्षेत्र पनि यही हो । दुई दुई संविधानसभाको निर्वाचनमा रेकर्डतोड मत ल्याएर जित हासिल गरेका बाबुराम त्यही क्षेत्रबाट उत्तानोप्रसाद बने । जनताको मन हो, जनताको मत हो, जनतालाई मन नपरेपछि यस्तो दिन आउने रहेछ ।



बाबुराम घरका न घाटका भए भन्ने बुझेछन् क्यार प्रचण्डले, आफ्ना कार्यकर्ता लगाएर भन्न थालेका छन् : घर फर्क ।

कुन मुखले फर्कने माओवादी केन्द्र । हुन त राजनीति हो, माटोका भाँडोजस्तो होइन, जति पटक फुटेर पनि जोडिन सक्छ । अव पालुङटारमा पुन: स्थापित हुनका लागि बाबुरामलाई निकै पापड बेल्नुपर्ने भयो । अर्को ५ वर्षसम्म के हुन्छ, के हुन्न, कसलाई थाहा छ र ? यो मौका त हातबाट गुम्यो, गुम्यो ।

यद्यपि बाबुराम बुद्धिजीवी हुन् र उनले जनादेशलाई स्वीकार गरे । मुटुमाथि ढुंगा राखेरै भए पनि स्वीकार गरे । र भनेका छन्- नवजात शिशु नयाँ शक्तिलाई लड्दै पड्दै दौडन सिक्न र वैकल्पिक राजनीतिको लामो यात्रा तय गर्न जनताले दिएको आदेशलाई हामी विनम्रतासाथ स्वीकार्छौं । स्मरणरहोस्, बाबुरामको पालुङटारमा कांग्रेसले चुनाव जित्यो । यो अप्रत्यासित झट्काले बाबुराम घायल छन् ।

हो भाइ फुटे गवाँर लुटे देखियो पालुङटारमा । माओवादी केन्द्रले बाबुरामलाई जित्न नदिने, सके आफै जित्ने भनेर खडा हुँदा कम्युनिष्ट गढ कांग्रेसको कर्मथलो बन्न पुग्यो । शिक्षा लिने भए यो घटना देशका लागि पनि उपमा बन्नसक्छ र राजनीतिक दलहरुले एकताका साथ देश निर्माणमा लाग्न सक्छन् । अन्यथा जे गति देखियो पालुङटारको, राष्ट्रिय सन्दर्भमा विदेशीले त्यस्तै गति देखिउन सक्छन् ।

# पहुँच नभएकालाई कुन राहत, कुन अनदान ?

**ध्रुव लम्साल, सञ्चारिका**

*पहाच र प्रभावको अभावमा धादिङका एकल र वृद्ध महिलाले दुई वर्ष पुग्न लाग्दा पनि भूकम्पपीडितको परिचयपत्र पाएका छैनन् । परिचयपत्रको अभावमा राहत न अनुदानको अवस्थामा छन् उनीहरू ।*

सलाङ छापगाउा-२ की खड्गकुमारी योगी ६१ वर्षकी भइन् । १५ वर्षअघि गाडीको ठक्करले श्रीमान्को मृत्यु भएपछि एकल जीवन बिताउँदै आएकी खड्गकुमारीले जसोतसो ढुङ्गामाटोको एकतले घरमा जीवन बिताउँदै आएकी थिइन् । त्यही घर पनि विनाशकारी भूकम्पले भत्काइदियो ।

भूकम्पपछि गाउँलेसागै टहरोमा बस्दै आएकी खड्गकुमारीले राहतस्वरूप तीन पाता जस्ता र एकबोरा चामल, पााच प्याकेट चाउचाउ र एउटा त्रिपाल पाइन् ।

भूकम्प गएको केही दिनमै प्राविधिक टोली गाउामा आए । तर, उनको आँगनमा कोही पनि आइपुगेन । 'मेरो पनि कसैले नाम टिपाइदियो होला भन्ठानो । के गर्नु म बूढी भनेर होला नि, कोही पनि आएनन्,' खड्गकुमारीले दुखेसो पोखिन् ।

केही दिनपछि अर्को खबर आयो, 'अब भूकम्पपीडितले १५ हजार पाउने भए ।' खड्गकुमारी पनि दिनभर पन्ध्र हजार लिन लाइन बसिन् । साँझतिर पैसा बाँड्न आउने मान्छेले भने, 'तपाईंको कार्ड छैन । पैसा पाउनुहुन्न ।'

राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला संयोजक स्थानीय लालबहादुर मगरसाग खड्गकुमारीले गुनासो गरेपछि उनले पनि जिल्लामा कुरा गर्ने बताएका थिए ।

नभन्दै पर्सिपल्ट लालबहादुर जिल्ला सदरमुकाम धादिङबेसी पुगे, खड्गकुमारीजस्तै नाम छुटेका अरू चारजनाको नाम लिएर । जिल्लामा नाम टिपाए र गर्नुपर्ने ठाउामा सहीछाप पनि गरे । भदौ, असोज हुँदै पुस लाग्यो । फेरि गाउँमा अर्को खबर आयो, 'न्यानो कपडाका लागि राज्यले अरू १० हजार दिने भयो ।'

खड्गकुमारी फेरि लाइनमा बसिन् । तर, पैसा बााड्नेहरूले त्यही जवाफ दिए, 'तपाईंको नाम रहेनछ, पाउनुहुन्न ।' खड्गकुमारी भन्छिन्, 'विधवाको हारेको कर्म भन्थे बाबु ? हो रहेछ ।' पहिलो किस्ताको १५ र दोस्रो किस्ताको १० हजार नपाएकी खड्गकुमारीको कार्ड पाउने आस अझै बााकी छ । खड्गकुमारी मात्रै होइन, धादिङमा त्यस्ता धेरै महिला छन् जसको भूकम्पले घर भत्कायो । पहुँच नपुगेको कारण कार्ड बनेन र आसैआसमा दुई वर्ष बित्नै लागिसक्यो ।

नलाङ पात्लेकी लीलाकुमारी श्रेष्ठ पनि उमेरले ८३ वर्ष लागिन् । जीवनमा पहिलोपटक भूकम्पको मार खेपेकी लीलाकुमारी पनि एकल महिला हुन् । 'श्रीमान् बितेकै २८ वर्ष भयो, बालबच्चा त हुर्काएँ, बुढेसकालमा रुझेर मरिने भयो,' चैत महिनामा परेको पानीले रुज्दै गरेकी उनले भनिन् । त्यसो त लीलाकुमारी गएको वर्षामा पनि रातभरि रुझेरै बसेको बताउाछिन् । 'टहरोमा ठूलो पानी पर्दा सप्पै भल भित्रै पस्छ,' अस्थायी टहरो देखाउँदै उनले भनिन् ।

धादिङको नलाङ, सलाङ, खरी, मैदी, मुरलीभञ्ज्याङ ज्यामरुङलगायतका गाविसमा भूकम्पपीडित कार्डबाट वञ्चित हुनेहरूमा धेरैजसो एकल र वृद्ध महिला छन् । छोराबुहारीले राम्रो व्यवहार नगरेर छुट्टै बसेका र एकल महिलालाई भूकम्पपछि सरकारले दिने कुनै पनि राहत दिइएको छैन । प्राविधिक टोली प्रत्येक घरमा नपुग्ने, घरमा पुग्दा पनि कामको सिलसिलामा ती घरबाहिर हुँदा नाम छुट्ने र आफ्नो नाममा जग्गा नहुनेहरूले राहत कार्डबाट वञ्चित हुनुपरेको छ ।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले एकल र वृद्ध महिला भूकम्पपीडित कार्डबाट वञ्चित हुनुपरेको स्वीकार गरे । कार्ड बन्न छुटेकाहरूको उजुरी आउने क्रम जारी रहेकाले पीडितहरूलाई सहायता दिइने उनको भनाइ छ ।

छुटेकाहरूको नाम समावेश पछि भए पनि १५ र १० हजार दिन भने नसकिने ढकालले बताए । ढकालले भने, '१५ र १० हजार त अब दिन सकिंदैन, अनुदानस्वरूप तीन लाखको भने प्रक्रिया अघि बढाउादै छौं । तर, कार्ड बन्नका लागि मापदण्डचाहि पुग्नुपर्छ ।'

मुरलीभञ्ज्याङ-८ की चश्मे सर्कीको घर सदरमुकाम धादिङबेसीबाट १३ किलोमिटर माथि छ । सडकबाट हिाडेर जाादा पाँचै मिनेटमा पुग्न सकिन्छ । उमेरले ७२ वर्ष पार गरेकी सर्कीले पनि भूकम्पपीडितको कार्ड कस्तो हुन्छ देख्नसम्म पाएकी छैनन् । उनले भनिन्, 'श्रीमान् केही पनि गर्न सक्नुहुन्न, मलाई केही थाहा भएन । मलाई कसैले सोधेन ।' 'अरूका घरमा त नौला मान्छेहरू आए, चोटाकोठा हेरे, हाम्रो घरमा कोही आएन,' उनले भनिन् ।

घरमुनिको पाटोमा राहतमा आएको जस्तापाताले अस्थायी टहरो बनाएकी सार्कीले पोहोरको वर्षा त काटिन्, यसपालि कसरी वर्षा काट्ने हो भन्ने चिन्ता उनलाई छ । भवन निर्माण विभाग डिभिजन कार्यालय धादिङका अनुसार धादिङमा ७० हजार ८ सय ४५ घरधुरी भूकम्पपीडितको सूचीमा परेका छन् । डिभिजन कार्यालय प्रमुख दिलीप भण्डारीका अनुसार ६० प्रतिशतले पहिलो किस्तास्वरूप ५० हजार रकम लगिसकेका छन् ।

सरकारले एकल, वृद्ध र अपाङ्गता भएकाहरूलाई पहिलो प्राथमिकतामा पार्ने बताए पनि धादिङका एकल महिलाले त्यसको अनुभूति गर्न पाएका छैनन् । प्रमुख जिल्ला अधिकारी ढकाल भन्छन्, 'एकल महिलालाई प्राथमिकतामा पार्ने नीति त हो, तर त्यसका लागि पनि अध्ययन गर्न केही महिना लाग्छ ।'

कुम्पुर गाविसकी सेती सर्कीको काखमा ८ महिनाको छोरा छ । भूकम्पले घर भत्काएपछि अस्थायी टहरो बनाएर कमाउन भन्दै श्रीमान् कोलकाता गए । डेढ वर्ष भयो फर्केका छैनन् । उनको पनि हालत उस्तै छ । उनी भन्छिन्, 'जाडो सकियो, हाम्ले जाडो महिनामा पाउने बाक्लो लुगा अनि पैसा केही पनि पाएकै छैनौं ।" धादिङमा राहतवाट वञ्चित एकल महिलाको सङ्ख्या धेरै रहेको महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालकी महासचिव राधिका सापकोटा बताउाछिन् । अधिकारकर्मी सापकोटाले भनिन्, 'कतिपयको नामै छुटेको छ, जसले अनुदान सम्झौता गरेका छन्, तिनले पनि समयमै घर बनाउने सम्भावना कम छ ।'

अनुदान सम्झौता भए पनि घर बनाउनका लागि काठ, ढुङ्गा, इाटा, सिमेन्ट, रडलगायतका सामग्री जम्मा पार्नुपर्ने हुन्छ । एकल वृद्ध महिलाले यस्ता सामग्री सहजै जुटाउन नसक्ने राधिकाको भनाइ छ । प्रजिअ ढकालसमेत पुरुषहरूको तुलनामा महिलालाई घर निर्माणका सामग्री जुटाउन गाह्रो भइरहेको बताउँछन् ।

# ९२ नगरमा ४ महिला मेयर



काठमाडौं । स्थानीय तहको निर्वाचनमा ९२ नगरपालिकाको चुनाव भएको थियो । जसमा ४ महिलामात्र मेयर बन्न सफल भएका छन् । महिलालाई दोश्रो अर्थात उपमेयरमै सिमित गर्न खोजिएको देखिन्छ । यद्यपि भरतपुर महानगरमा माओवादी केन्द्रकी रेणु दाहाल मेयरमा प्रतिस्पर्धा गरिरहेकी छिन् । उनको जित भयो भने संख्या बढ्ला । नभए संख्या यथाबत हुनसक्छ । राजनीतिक दलहरुले हरेक मोर्चामा महिलालाई अग्रपंक्तिमा राख्ने तर प्रमुखको जिम्मेवारी दिन किन कञ्जुरी गरेका होलान् भन्ने बहस सुरु भएको छ । तथापि धेरै महिलाहरुले जसरी दोश्रो बरियतामै भए पनि जिम्मेवारी पाएका छन्, यो खुशीको कुरा हो ।

जुम्ला चन्दननाथ नगरमा नगरमाता बनेकी छिन् कान्तिका सेजुवाल । त्यसैगरी नवलपरासी कावासोती नगरमा चन्दा पुन, स्यांज्या पुतलीबजार नगरपालिकामा सीमा क्षेत्री र राप्ती नगरमा प्रभा बराल । यी चारै जना संघर्षशील महिला मानिन्छन् । खासगरी दुर्गम जुम्लाको चन्दननाथ नगरमा मेयर जितेकी कान्तिका सेजुवाल अहिले सर्वाधिक चर्चामा छिन् । उनलाई नेपाली कांग्रेसले टिकट दियो र कांग्रेसी कार्यकर्ताहरुले अथक प्रयास गरे, आमनागरिकले पनि कान्तिका हाम्रो नेतृ भनेर विश्वास गर्नाले उनले चुनाव जित्न सफल भइन् । कान्तिका महिला मेयरमा निर्क काम गर्न सक्ने मानिएकी छिन् ।

यद्यपि चर्चा त भरतपुर नगरपालिकाकी मेयर उमेदवार रेणु दाहालको ज्यादै नै छ । यो चर्चा प्रधानमन्त्रीकी पुत्री बढी देखिन्छ । भरतपुरको निर्वाचन परिणाम यसकारण पनि उत्सुकताको विषय बनेको छ कि रेणु दाहाल जित्लिन कि हार्लिन् ? एमालेका उमेदवार देवी ज्ञवाली टक्करमा छन् । अहिले पनि केही सय मतले देवी नै अगाडि छन् र भरतपुरको मेयर को बन्छ ? यसै भन्न सकिने स्थिति छैन ।




# लोकतन्त्रलाई बलियो बनाउन एकल महिलाको नेतृत्व

यी एकल महिला मेयर, गाविस अध्यक्षहरुले समाज सुधार र समाज परिवर्तनमा ठूलो भूमिका खेल्न सक्ने मानिएको छ । यिनलाई जनताले विश्वास गरेका छन्, त्यो विश्वासमा यी महिला नेतृहरु खरो उत्रन सके अर्को चुनावमा छलाङ मार्न सक्नेछन् । यद्यपि समाजमा अझै पनि एकल महिलालाई कमजोरको संज्ञा दिइन्छ । यसपटकको निर्वाचनबाट महिला सशक्तिकरण सुरु भएको छ ।



देशकै विकट जिल्ला जुम्लाको चन्दननाथ नगरपालिकामा एकल महिला कान्तिका सेजुवाल देशकै पहिलो महिला मेयर बन्नुभयो । उनी नेपाली कांग्रेसको उम्मेदवार थिइन् । दुई वर्षअघि २०७१ सालमा विमान दुर्घटनामा श्रीमान् मानव सेजुवालको निधन पश्चात कान्तिका एकल छिन् र समाजसेवामा जुटिन् ।

निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका शान्तिलाल महतलाई ७११ मतले पछि पार्दै उनले २७७७ मतका साथ मेयरमा विजयी हुन सफल भइन् ।

पहिलो मेयरको रुपमा निर्वाचित कान्तिकाले अव जुम्ली जनताको लागि स्वर्गीय श्रीमान मानव सेजुवालले देखेको सपना पुरा गर्न कुनै कसर बाँकी नराख्ने बताइरहेकी छिन् ।

श्रीमानको लोकप्रियता र कान्तिकाको नेतृत्व क्षमता तथा दृढ विश्वासका कारण जुम्ली जनताले उनलाई मेयरको नेतृत्वको ऐतिहासिक अवसर दिएका हुन् ।

त्यसैगरी तनहुँको म्याग्दे गाउँपालिकाको अध्यक्षमा माया राना, गोरखा गण्डकी गाउँपालिकाको उपाध्यक्षमा ललिता अधिकारी, बिरेन्द्र नगरपालिका सुर्खेत ३ को सदस्यमा रामकुमारी थापा विजयी भएका छन् । कांग्रेसको तर्फबाट उम्मेदवारी बनेका महिलाहरु सबै एकल छन् ।

श्रीमान् वितेपछि धेरै संघर्ष गर्दै राजनैतिक यात्रामा लागेकी राना महिला हकहित र सकारात्मक समाज निर्माणमा अग्रसर थिइन् । राना ४,५६४ मतका साथ विजयी भएकी हुन् । उनका प्रतिद्वन्दी एमालेका श्रीप्रसाद श्रेष्ठले ३,५६४ मत प्राप्त गरेका थिए । एकल महिला समूहका अनुसार देशभर ६० भन्दा बढी एकल महिलाले उम्मेदवारी दिएका थिए ।

# अन्यौलता हटाउन जरुरी छ

**राजेश अहिराज/मधेशवाणी**

*दोस्रो चरणको अन्योलता हटाऊ, तराई-मधेशमा निर्वाचनलाई लिएर कुनै किसिमको उत्साह देखिएको छैन ।*

भर्खरै पहिलो चरणमा प्रदेश नं. ३, ४ र ६ मा स्थानीय तहको निर्वाचन सम्पन्न भई मतगणना भइरहेको छ । पहिलो चरणको निर्वाचन सम्पन्न भएलगत्तै सरकारले दोस्रो चरणको निर्वाचनका लागि तयारीमा लागेको छ । तर, दोस्रो चरणअन्तर्गत तराई-मधेशमा निर्वाचन हुने वा नहुने भन्ने अन्यौलता अहिलेसम्म पनि कायमै छ । नेपालको संविधानको मस्यौदा सार्वजनिक भएदेखि नै आन्दोलनरत् रहेका तराई-मधेशका जनताको माग अहिलेसम्म पनि सम्बोधन भएको छैन ।

कांग्रेस-माओवादी केन्द्रले आन्दोलनरत् जनताहरूको माग पूरा गर्छौं भनी तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासहितको संघीय गठबन्धनसाग तीनबुँदे सम्झौता गऱ्यो । तर, अहिलेसम्म सरकारको तर्फबाट ती सम्झौता पूर्णरूपमा पालना भएको छैन । सरकारले आंशिकरूपमा शहीद घोषणा त गऱ्यो तर, आन्दोलनताका आन्दोलनकारीहरूमाथि लगाइएको झुठा मुद्दा फिर्ता लिएको छैन । कैदी जीवन बिताइरहेकाहरू रिहा भएका छैनन् । कतिपय आन्दोलनकारीहरू भूमिगत रूपमा बाँच्न बाध्य भएका छन् । आन्दोलनका क्रममा भएको क्षतिहरूको पूर्ति भएको छैन । यावत् समस्याहरू विद्यमान राखेरै सरकारले दोस्रो चरणको निर्वाचन गर्न खोज्दैछ । मधेशमा निर्वाचनको नाममा फेरि पनि नश्लीय नरसंहार नहोला भन्न सकिन्न ।

नेपाल सरकारलाई अन्तर्राष्ट्रिय समुदायले पनि दोस्रो चरणको निर्वाचनका लागि उचित वातावरण बनाउन आग्रह गरेको छ । संयुक्त राज्य अमेरिकाले मंगलबार एउटा विज्ञप्ति नै जारी गरी दोस्रो चरणको स्थानीय निर्वाचनका लागि उचित वातावरण निर्माण गर्नका लागि आग्रह गरेको हो । यता, ६ वटा दल मिलेर निर्माण भएको राष्ट्रिय जनता पार्टी नेपालका नेताहरूले संविधान संशोधन नभए निर्वाचनमा सहभागी नहुने र तराई मधेशमा निर्वाचन हुन पनि नदिने चेतावनी दिँदै आएका छन् । तत्कालीन मधेशी मोर्चाका एक प्रमुख घटक उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालले पहिलो चरणमा सहभागी भए पनि दोस्रो चरणका लागि संविधान संशोधन गर्नु पर्ने माग राखेको छ । यता, पहिलो चरणको स्थानीय तहको निर्वाचन बहिष्कार गरेको राजपा नेपाललाई दोस्रो चरणमा सहभागी गराउनका लागि सत्तारूढ कांग्रेस-माओवादी केन्द्र प्रयासरत् देखिएका छन् । तर, राजपा नेपालले स्पष्टरूपमा संविधान संशोधन विधेयक पास नभएसम्म निर्वाचनमा जान नसकिने बताउँदै आएको छ ।

प्रथम चरणको निर्वाचनको मतगणना भइरहँदा नेपालको केही भागमा हर्षोल्लासमय वातावरण देखिएको छ भने तराई-मधेशमा कुनै किसिमको उत्साह देखिएको छैन । मधेशीले के चाहेको छ, मधेशीहरूलाई पनि कसरी दोस्रो चरणको निर्वाचनमा सहभागी गराउने बारे ठूला दलहरू नै गम्भीर देखिंदैन । मधेशीहरूको टाउको र छातीमा गोली बर्साउँदै जारी गरिएको नेपालको संविधान अहिलेसम्म पनि किन लागू हुन सकेन भन्ने कुराको मूल कारक तत्व संविधानभित्र रहेका त्रुटिहरू नै हो ।

अत: ती त्रुटिहरू नसच्याएसम्म मधेशमा निर्वाचन हुने कुनै सम्भावना देखिादैन । यदि भइहाले भने त्यो कुन परिस्थितिमा हुन्छ र यसका लागि कतिको क्षति हुन्छ भन्ने कुराको आभाष राज्यसत्तालाई भएकै होला । विगतमा पनि राज्यसत्ताले बन्दुकको बलमा संविधान जारी गऱ्यो तर, देशका आधा जनसंख्याले स्वीकार गरेको अवस्था छैन । मधेशी, थारू, मुस्लिम, आदिवासी जनजाति लगायतका उत्पीडित र उपेक्षित समुदायले यो संविधानमा संशोधन चाहेको कुरालाई आत्मसात गर्दै ठूला भनाउँदा दलका दलपत्तिहरूले पहिला संविधान संशोधन गरी दोस्रो चरणको निर्वाचनमा देखिएका अन्यौलताहरू हटाउनुपर्छ ।

# गणतन्त्रका नाममा निरंकूशतन्त्र नहोस्

**– महेश्वर शर्मा**

शक्ति यस्तो बस्तु रहेछ, उस्तै नपरेसम्म कसैले पनि छोड्न नचाहने । मुखका प्रगतिशील, तर व्यवहारमा ज्यादै संकीर्ण । त्यसैमा पनि पुराना ठूलाठालु सामन्तका अवशेष त झन गुमेको शक्ति हातपार्न जेजस्ता आपराधिक क्रियाकलाप गर्न पनि पछिनपर्ने । यतिबेला स्थानीय निकाय (तह भन्नुपर्ने हो क्यार) को निर्वाचनमा खास गरी प्रमुख-उपप्रमुख पदमा कतिपय ठाउँमा जेजस्ता नाम देखिएका छन् ती नाम सात सालदेखि नै जुनसुकै दलका पालामा पनि निरन्तरतामा आएका शोषक, सामन्त, जिम्मुवाल, मुखियाका खलकहरु नै देखिएका छन् । वंशाणुगत गुण-अवगुण सितिमिति जाादैन भन्छन् । हो, बाघले हिंसा गर्दैन भन्न सकिंदैन । सारांशमा शोषण र भ्रष्टाचारले अब नयाा आवरण लिएर आउने स्थिति तयार पारिंदैछ भनेर बुझ्नुपर्ने भएको छ ।

राजनीतिमा मूल्य-मान्यताको स्थिति यतिखेर हराउँदै गएको छ । ओलीजीले संविधान विपरीत काम गरेको भनेर सरकारलाई ध्रुवे हात्ती भनेका छन् । तर, यहाा त संविधान मात्रै होइन, न्यायालयमा समेत हमला गरेको छ । असनकै साढे भने हुने भैसक्यो । अबको निर्वाचनले लुटाहाहरुको संख्या अरु बढाउने भयो । निर्वाचन कहीं पनि सोझा इमान्दार र नैतिकवानले जितेको पाइँदैन । त्यसैले संसदीय प्रणाली नै विकृत भैसक्यो, विकल्प खोज्नुपर्छ भन्ने धारणा पनि आएको छ । दश-बाह्र वर्ष माओवादीले एकलौटी लुटे । त्यसपछि आजसम्म माओवादी समेत सम्मिलितहरुले लुटे । अब नयाँ निर्वाचितहरुले लुट्ने बेला आएको छ । अब आउने त धेरै भोका जुका पनि हुनेछन् । स्थिति झन् झन् विग्रने छाँट छ ।

राजसंस्था विस्थापित गरेकोमा माओवादी सन्तुष्ट होला, तर कांग्रेस र एमाले सन्तुष्ट हुनु भनेको आफैंलाई धोका दिनु हो । माओवादीले राजालाई मात्रै फालेनन्, कांग्रेस र एमालेलाई समेत उपाध्यायबाट जैसीमा झारे । अहिले पनि दाहाल माओवादीले कांग्रेसलाई लठ्याउँदै चैत्र मसान्तबाट वैशाख मसान्त अनि दुई चरणमा निर्वाचन भनेर जेठ मसान्त पुऱ्याएको छ । त्यो पनि वार्षिक बजेटका कारण के हुने हो, ठेगान छैन । कांग्रेसलाई रल्याएर सत्ता नछोड्ने चालवाजी भनेका छन् एकथरिले भने अर्काथरिले कांग्रेसभित्रै पनि देउवा प्रधानमन्त्री हुनुभन्दा बरु दाहालले नै खाइरहोस् भन्नेहरुले गर्दा दाहाललाई टाँस्सिइरहन सजिलो भएको छ भन्ने पनि सुनिन्छ ।

आजको सरकार आफ्नो बलबुतामा छैन, धनाढ्य-तस्कर-सामन्त र बहुरुपी गुण्डाहरुको कब्जामा छ । यिनीहरुले जे गरे पनि सरकार मौन रहन्छ । बजार यिनैका कब्जामा छ । जनता महंगीको भुंग्रोमा पिल्सिएका छन् । सरकारमा हुनेहरुलाई चाहिएको यिनैले पुऱ्याइदिन्छन् । जनताका पक्षमा बोलिहाले पनि सरकार चपाएर बोल्छ । सरकारको बजेट तिनै व्यापारी, व्यवसायीको आवरणका कालाबजारियाका निर्देशनमा बन्छ । कर-भन्सार दस्तुर यिनैको अनुकूल हुने गरी यिनैका सल्लाहमा निर्धारण गरिन्छ । बजार अनुगमनका नाममा जनताका आँखामा छारोहाल्ने काम मात्र गरिन्छ । त्यसैले सोध्नन मन लाग्छ- कहाा छ जनताको सरकार ? कहाँ छ जनताका आवाज सुन्ने ठाउा यो फक्लो गणतन्त्रमा ?

महंगी, अभाव र कालो बजार चम्क्यो भनेर बेलाबेलामा जनता अरण्यरोदन गर्छन् । सरकार सकेसम्म झारा टार्ने काम गर्छ । ज्यादै भएपछि टोली खट्टिए पनि मिसावट, खोटा चलन देखे आइन्दा यस्तो नगर्नु भनेर छोडिन्छ । टोली सन्तुष्ट भएपछि सडेको सामान होस् या म्याद गएको होस्, सात दिनभित्र विभागमा हाजिर हुन आउनुहोला भनेर लेखेर दिएपछि फच्या । यसरी सामान्य जनता आठिने र धनी धनी हुँदै जाने चक्र झन् बलियो हुादैछ । अर्कोतिर उपलब्ध प्राकृतिक स्रोत साधनको दोहन नि तल्लो तहका जनताका लागि नभएर ठूलाबडाकै निम्ति हुन्छ । जनताका भागमा त आकर्षण नारा पस्किइन्छ, फाइदा उठाउनेजति हुनेखाने नै हुन्छन् । ती ठूला भनिएका चाहिं बाहिरी शक्तिका इशारामा चल्ने भएकाले कतै देशकै अस्तित्व खतरामा पार्ने हुन् कि भन्ने जगजगी बढेको छ । यस्तै त आज भोगिएको यथार्थ ।

यहाा जनताका चाहना र नेताका लहडबीच ठूलो अन्तर देखिएको छ । स्थानीय स्वायत्त शासन ऐन अन्तर्गत काम गरिरहेका झण्डै चार हजार गाविस मासेर जम्मा ७४४ मा झारिएकोमा जनतामा असन्तोष छ । अझै संख्या बढाउने माग त्यही असन्तुष्टिको कारण हो । भित्र मनमा संकीर्णताको तुष राखेर बाहिर कृतिम प्रगतिशीलता देखाउनेहरुले गर्दा आज सुकाइदे गााड भन्दा थपिदे गाँड भएको छ । आजको अस्तव्यस्तताको कारण त्यही हो । न्यायपालिकामा समेत हस्तक्षेप गर्नेले लोकसेवा आयोग र निर्वाचन आयोगलाई के टेरुन् । गणतन्त्रका नाममा तानाशाही चलाउन खोजेका छन् । आफ्नो इशारामा नचल्ने प्रधान न्यायाधीश उपर महाअभियोग लगाउँछन् । हुकुमी शासनभन्दा पनि चर्को भैसक्यो । राजाले २५ प्रतिशत मनोनित गर्दा अप्रजातान्त्रिक भयो भन्नेहरुले अहिले प्रत्यक्ष निर्वाचित २४० भएका ठाउँमा समानुपातिक भनेर ३३५ जना भर्ना गर्छन्, पैसा खान्छन् । प्रजातन्त्रको त विजोकै भएको छ ।

अन्त्यमा, जिल्लाबाट स्थानान्तरित भएर गाउँपालिका, नगरपालिकाहरुमा जाने (मोफसलका) जिल्लास्थित कार्यालयहरुका सरकारी भवन र जग्गाजमीन अब चौटा लाम्टा पारेर ठूलाबडा भ्रष्टाचारी नेताहरुले भागवण्डा गरेर अथवा शक्ति हुनेले एकलौटी पार्न पनि बेर हुँदैन । बाठाले नीतिगत निर्णय गराएर उडाउन पनि सक्छन् । यो देशमा हुन नसक्ने के छ र ? भन्छन् भन्नेहरु । एकातिर यस्तो छ भने अर्कोतिर स्थानान्तरित भएका ठाउँमा जग्गा नै छैन भने किन्नका लागि बजेट निकासा हुनुपऱ्यो । ठेक्कापट्टा निर्माण गर्दा कति वर्ष लाग्ने हो भन्न सकिंदैन । संघीयताका नाममा यो 'घर न घाट'को स्थिति आजै देखिएको छ । यसबाट एकातिर जनतालाई हैरानी र अर्कातिर त्यतिका कर्मचारी कहाँ बस्ने हुन् ? ठेगान छैन । गाउँघरकै गोठ-कटेरा भाडा तिरेर प्रयोग गरे पनि कति निर्वाह हुन्छ ? देश यही हो । शहरमा बसेर गरेको अन्दाजले काम गर्दैन । जिल्लैमा रहने जिल्ला प्रशासन कार्यालय चाहिं अब केन्द्र, प्रदेश र स्थानीय जसले बजाए पनि हुने घण्टाको रालो बनाउने हुन् कि ? भन्ने गाइगुइँ सुनिन्छ । यो सबैबाट नेताहरुलाई फाइदा भए पनि राष्ट्रलाई छिन्नभिन्न पार्ने काम भनेर जनताले विस्तारै बुझ्दै जानेछन् ।

# रञ्जु उत्साहित, किशोरले हार स्वीकारे

काठमाडौं । साझा पार्टीका उमेदवार किशार थापाले अव चुनाव जित्न सकिन्न भनेर हार स्वीकार गरेका छन् । यद्यपि रञ्जु दर्शनाले जनताको विवेक र चेतनाको प्रशंसा गरेकी छिन् । उनको मत अझै पनि आउने क्रम जारी छ । यद्यपि उनी मतगणनामा धेरै पछि परेकी छिन् । यी युवाको हौसला प्रशंसायोग्य छ ।

यी दुबै उमेदवारले पहिलोपटक नयाँ प्रयोग गरे । नयाँ पार्टीका उमेदवार बनेर परिवर्तनको शंखघोष गरे । राजधानीका मतदाताहरुको मनसम्म पुग्न पनि सफल भए । हाम्रो परम्परागत सोच झकझक्याउन खोजे पनि जुन पार्टीमा



लागेका छन्, त्यसलाई क्रस नगर्ने परिपाटीका कारण यिनले चुनावमा जित हासिल गर्न सक्ने नदेखिए पनि एकपटक विकल्पका बारेमा सोच्न बाध्य पारेका छन् ।

परम्परागत रुपमा कांग्रेस, एमाले र माओवादी केन्द्रमै राजधानीको मत समेटिएको छ । तथापि यी दुबै उमेदवारले आश्चर्यजनक रुपमा जुन मत ल्याएका छन्, त्यसले परिवर्तनको संकेत गरेको मान्छन् विश्लेषकहरु ।

यी दुबै अर्थात विवेकशील र साझा पार्टीको उद्देश्य र भोट व्याङ्क एउटै हो । एकै भएर उठेका भए अझ राम्रो प्रदर्शन हुने थियो र स्थापित ठूला पार्टीलाई टक्कर दिने ताकत राख्थे । तालमेल नहुनु एउटा शिक्षा हो । तर आमनागरिकको विवेकको परीक्षा भयो, युवा र नयाँलाई मौका दिनुपर्छ भन्ने सोचमा अंकुर हाल्न यी उमेदवार सफल भएका छन् । यो सबैभन्दा ठूलो परिवर्तन मान्दा हुन्छ ।

# समस्त गीताको सारांश




भेषजंग बादल, स्वतन्त्र पत्रकार-

सर्वत्र प्रतिभोक्ता च प्रतिगुज्य स सर्वशः । गीतापाठं प्रकुर्वाणो न लिप्यते कदाचन ॥३६॥ रत्नपूर्णा मही सर्वा प्रति गुज्याविधानतः । गीतापाठेन चैकेन शुद्धस्फटिकवत् सदा ॥३७॥ यस्यान्तः करणं नित्यं गीतायां रमते सदा । स साग्निकः सदा जापी क्रियावान् स च पण्डितः ॥३८॥ दर्शनीयः स धनवान स योगी ज्ञानवानपि । स एव याज्ञिको याजी सर्ववेदार्थदर्शकः ॥३९॥ गीतायाः पुस्तकं यत्र नित्यपाठश्च वत्तते । तत्र सर्वाणि तीर्थानी प्रयागादीनि भूतले ॥४०॥ निवसन्ति सदा देहे देहशेषेऽपि सर्वदा । सर्वे देवाश्च ऋषयो योगिनो देहरक्षकाः ॥४१॥ गोपालो बालकृष्णोऽपि नारदध्रुवपार्श्वदै : । सहायो जायते शीघ्रं यत्र गीता प्रवर्त्तते ॥४२॥ यत्र गीता विचारश्च पठनं पाठनं तथा । मोदते तत्र श्रीकृष्णे भगवान् राधिकासह ॥४३॥

**श्री भगवानुवाचः**

गीता मे हृदयं पार्थ गीता मे सारमुत्तमम् । गीता मे ज्ञानमत्युगैं गीता मे ज्ञानमव्ययम् ॥४४॥ गीता मे चोत्तमं स्थानं गीता मे परमं पदम् । गीता मे परमं गुज्यं गीता मे परमो गुरुः ॥४५॥ सर्वक्ष भोजन र सर्वत्र प्रतिग्रह गर्दा पनि गीता पाठ गर्नेहरुलाई ती पाप लिप्त गर्दैनन् ॥३६॥ अविहित भावले रत्नपूर्णा पृथ्वीलाई परिग्रह गरेपनि एकमात्र गीता पाठद्वारा पाप नष्ट मनुष्य स्वच्छ स्फटिकको समान शुद्ध हुनेछ ॥३७॥ तिनै जापक हुन तिनै उपासक र क्रियावान हुन् पण्डित हुन्, उनै दर्शनीय हुन्, उनै धनवान हुन्, तिनै योगी, ज्ञानवान, याज्ञिक र उनै याचक उनै सर्ववेदार्थदशीृ हुन् ॥३८-३९॥ जहाा नित्य गीता पाठ हुन्छ प्रागागादी पृथ्वीको समस्त तीर्थ त्यही विद्यमान हुन्छन् ॥४०॥ त्यस्ताको जीवनकार र मृत्युपछि पनि सारा देवता, ऋषि, योगी उसको देह रक्षक भएर वास गर्दछन् ॥४१॥ जसको घर नित्य गीतापाठ हुन्छ नारद, ध्रुव आदि पार्षदहरुको साथ बालकृष्ण तिनको सहायक हुन्छन् ॥४२॥ गीताशास्त्रको विचार, अध्ययन, अध्यापन जहाा हुन्छ, त्यहाा श्रीभगवान् श्रीकृष्ण राधिकाको साथ परमानन्द गरिबक्सन्छ ॥४३॥ श्रीभगवान् भनिबक्सन्छ - हे पार्थ, गीता मेरो हृदय हो, मेरो सार सर्वस्थ हो । मेरो अत्युग्र ज्ञान हो र मेरो अव्यय ज्ञानरुप हो ॥४४॥ गीता मेरो परम उत्तम स्थान हो, मेरो परमपद हो, मेरो अतीव गुह्य वस्तु र मेरो परम श्रीगुरू हुन् ॥४५॥ पिताश्रयेऽहं तिष्ठामि गीता मे परमं गृहम् । गीता ज्ञानं समाश्रित्य त्रिलोकं पालयाम्यहम् ॥४६॥ गीता मे परमा विद्या ब्रज्मरुपा न संशय :। अर्द्धमात्रा परा नित्यमनिर्वाच्य पदात्मिका ॥४७॥ गीतानामानि वक्ष्यामि गुज्यानि श्रृणु पाण्डव । कीर्तनात् सर्वपापानि विलयं यान्ति तत्क्षणात् ॥४८॥ गंगा गीता च सावित्री सीता सत्या पतिव्रता । ब्रज्मावलिर्ब्रज्मविद्या त्रिसन्ध्या मुक्तिगेहिनी ॥४९॥ अर्द्धमात्रा चिदानन्दा भवध्नी भ्रान्तिनाशिनी । वेदत्रायी परानन्दा तत्त्वार्थज्ञानमञ्जरी ॥५०॥ इत्येतानि जपेन्नित्यं नरो निश्चलमान सः । ज्ञानसिद्धि लभेन्नित्यं तथान्ते परमं पदम् ॥५१॥ पाठेऽसमर्थ सम्पूर्णे तदर्दे पाठमाचरेत् । तदा गोदानज) पुण्यें लभते नात्र संशयः ॥५२॥ त्रिभागं पठमानस्तु सोमयागफलं लभेत् । षडंशं जपमानस्तु गंगास्नान फलं लभेत् ॥५३॥ तथाध्यायद्वयं नित्यं पठमानो निरन्तरम् । इन्द्रलोक कमवाप्नोति कल्पमेकं वसेत् ध्रुवम ॥५४॥ एकमध्या यकं नित्यं पठते भक्ति संयुतः । रुद्रलोकमवाप्नोति गणो भूत्वा वसेच्चिरम् ॥५५॥ अध्यायार्धञ्च पादं वा नित्यं यः पठते जनाः । प्राप्नोति रविलोकं स मन्वन्त रसमाः शतम् ॥५६॥ गीताको आश्रयले म अवस्थित छु, मेरो परमगृह हो । गीताज्ञानलाई आश्रय गरी त्रिलोकलाई पालन गर्दछु ॥४६॥ गीता ब्रह्मरुपा हो, अर्द्धमात्रा स्वरुपा हो, अनिर्वाच्यपदात्मिका हो, परमा विद्यारूपिणी हो ॥४७॥ हे पाण्डव, गीताको समस्त गुह्य नामहरु लाभ भन्दछु सुन । यी नामहरुको कीर्तन गर्दामा सारा पाप तत्काल विनष्ट हुन्छ ॥४८॥ गंगा, गीता, सावित्री, सीता, सत्या, पतिव्रता, ब्रह्मावलि ब्रह्मविद्या, त्रिसंध्या, मुक्तिगोहिनी, अर्द्धमात्रा, चिदानन्दा, भवनी, भ्रान्ति नाशिनी, वेदत्रयी, परानन्दा, तफ्वार्थ ज्ञान मञ्जरी - यो सबै गीताको नाम हो । जसले निश्चल चित्तले यी नामहरुलाई नित्य जप गर्दछ, उसले ज्ञान र सिद्धि लाभ गरी अन्तमा परमपदलाई प्राप्त हुन्छ ॥४९-५१॥ जस्ले सम्पूर्ण गीता पाठमा असमर्थ हुन्छ उसले अद्धि पाठ गर्नु, त्यसैबाट निःसन्देह गोदान जनित पुण्य लाभ हुन्छ ॥५२॥ जो गीताको एक तृतीयांश पाठ गर्दछ, सोमयोगको फल प्राप्त हुन्छ । जो गीताको षडांश पाठ गर्दछ उसलाई गंगास्नानको फल प्राप्त हुन्छ ॥ ५३॥ क्रमस...

# राष्ट्रपतिको श्रीलंका भ्रमण



श्रीलंकाका राष्ट्रपति मैत्रीपाल र्पारिसेनाको निम्तो मान्न वैशाख ३० देखि जेठ २ गतेसम्म राष्ट्रपति विद्या भण्डारी श्रीलंका भ्रमण सम्पन्न गरिन् । यो भ्रमणले नेपाल श्रीलंकाको मैत्री सम्बन्ध मजबुत पार्न सफलता हासिल भयो । पूर्वराजा वीरेन्द्रले भ्रमणगरेपछिको यो पहिलो भ्रमण भएकाले पनि ऐतिहासिक भन्न मिल्छ ।

श्रीलंका बौद्धमागी मुलुक हो । राष्ट्रपति भण्डारीका अनुसार शान्ति, अहिंसा, करुणा र भ्रातृत्वका अग्रदूत गौतम बुद्धको जन्मभूमिको प्रतिनिधित्व गर्दै श्रीलङ्काका मैत्रीपूर्ण जनताका लागि मैले नेपाली जनताका तर्फबाट न्यानो स्नेह र सद्भाव ल्याएको छु भनेर भन्दा र श्रीलंकनहरुले खुशी व्यक्त गर्दा नेपालकै इज्जत बढ्यो ।

राष्ट्रपतिको भनाइ थियो- विश्वको सर्वोच्च शिखर सगरमाथाको देश नेपाल र आफ्नो पुरानो इतिहासका दौरान लामो सामुद्रिक मार्गमार्फत विभिन्न सभ्यतासाग अन्तर्क्रिया गर्ने हिन्द महासागरको विलक्षण मोतीसमान रहेको श्रीलङ्काका बीच शताब्दीऔंदेखि सुमधुर सम्बन्ध रहिआएको छ, यातायात र सञ्चार सञ्जालको विस्तारमार्फत यस सम्बन्धलाई थप सुदृढ तुल्याउनु आवश्यक छ । श्रीलङ्काले बौद्ध धर्मका अनुपम सिद्धान्तको प्रबर्द्धनमा अहम् भूमिका खेलेको छ । सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेपछि कम्तीमा तीन पटक श्रीलंकाको भ्रमण गरेको विश्वास गरिएको छ । बुद्धजन्मस्थल भएका कारण श्रीलङ्कालीहरु नेपालीसँग अत्यन्त आत्मीय छन् । स्मरणीय छ, बुद्धजयन्तीका अवसरमा श्रीलंकाले वैशाख सम्मेलन आयोजना गरेको थियो र त्यहाँ नेपालको प्रतिनिधित्व खोजेकोमा नेपाल उपस्थिति हुनु स्वभाविक थियो, भयो र आपसी सम्बन्धमा थप बल प्रदान गर्ने काम भएको छ ।

यो भ्रमणका क्रममा राष्ट्रपति भण्डारीले श्रीलङ्काली समकक्षीलाई नेपाल भ्रमणको निमन्त्रणासमेत दिइन् । नेपाल र श्रीलङ्काबीच दौत्य सम्बन्ध स्थापना भएको ६० औं वार्षिकोत्सवका अवसरमा श्रीलङ्काली राष्ट्रपतिले यसै वर्ष नेपाल भ्रमण गर्ने वचन दिएका छन् । श्रीलङ्काली राष्ट्रपति श्रीसेनाले सम्भवतः आउँदो असोजमा नेपाल भ्रमण गर्नेछन् । यस सन्दर्भमा श्रीलङ्काका न्याय तथा बुद्ध शासनमन्त्री डा विजयदास राजपक्षले नेपालको राष्ट्र प्रमुखबाट भएको भ्रमण र दिएको निम्तोलाई श्रीलङ्काले उच्च महत्वका साथ लिएको बताएका छन् । यो भ्रमणबाट द्विपक्षीय सहयोग तथा व्यापार र वाणिज्य क्षेत्रमा समेत सहयोग अभिवृद्धि हुन्छ, उनले विश्वास व्यक्त गरे ।

तर नेपालमा स्थानीय तहको निर्वाचनको महायज्ञ छाडेर राष्ट्रपति विदेश भ्रमणमा गएको विषय राजनीतिक र कूटनीतिक बृत्तमा समेत आलोचना नभइरहन सकेन ।




# क्रिशमस बिदा किन काटेको ?

काठमाडौं । क्रिसमस बिदा किन काटेको ? यो मुद्दा लिएर हामी अन्तर्राष्ट्रिय अदालत जान्छों । यस्तो घुर्की र फुर्ति देखाएका छन् राष्ट्रिय खिष्टियन महासंघ र अध्यक्ष सीवी गहतराजले । उनले कांग्रेसलाई हल्लाउने गरी हल्ला गरेका छन् : खुमबहादुर खड्काले कांग्रेस केन्द्रीय समितिमै धर्मसापेक्ष देश हुनुपर्छ भनेर हिन्दुत्वको मुद्दा लगेका छन् । यसरी कसरी अन्य धर्मको संरक्षण हुन्छ ?

गहतराज भन्छन् : गुड फ्राइ डे मनाउने प्रचलनको सुरुआत् येशुलाई सुली चढाएको दिन भएकाले भयो । शुक्रबार विदा हुनुपर्छ भन्ने माग छ । अर्को, येशुको मृत्यु भएको दिन जसलाई हामी पुनउर्त्थानको दिन भन्छौं र अर्को येशुको जन्मोत्सव क्रिशमसलाई विदा कायम गर्नुपर्छ भन्ने मान्यता लागु होस् भन्ने पक्षमा छौं । २०६३ सालमा भएको तीनबुँदे र त्यसपछि भएको ६ बुँदे सम्झौतामा क्रिसमसको विदा हुने व्यवस्था थियो । सरकारले ती सहमति उल्लंघन गरेको छ । यी मागहरु सरकारले मान्दैन भने हामी अन्तर्राष्ट्रिय अदालतसम्म जानसक्छौं ।

गहतराजले लोकतन्त्रको परिभाषा पढाएका छन्- लोकतन्त्रमा हरेक अल्पसंख्यक अधिकार पनि पुरा हुनुपर्छ । लोकतन्त्रको सुन्दरता पनि त्यहि हो । २०६४ को संविधानसभाले बहुमतले मुलकलाई धर्म निरपेक्ष भनी पारित गरेको थियो । त्यो लोकतन्त्रको सुन्दरताको एउटा पक्ष हो । लोकतान्त्रिक गणतन्त्र मान्ने सरकारले धर्म निरपेक्षतालाई नमान्ने भन्ने कुरा हुँदैन, त्यसबाहेक खिष्टियन समुदायका अन्य अधिकारहरू पनि राज्यले सुनिश्चित गर्न बाँकी छ । धर्मनिरपेक्षतालेमात्र खिष्टियन समुदायका अधिकार पुग्दैनन् । खिष्टियन समुदायमाथि लागेका धर्म प्रचार र पैसा दिएर धर्मान्तरण गर्ने अभियोग खण्डन हुनुपर्छ । यो अभियोगबाट हामीलाई मुक्त गरियोस् । हामीलाई मृत्यु संस्कार गर्ने ठाउँ दिइयोस् ।

राज्यको मुख्य निकायले मानेन भने जाने अन्तर्राष्ट्रिय निकाय नै हो । त्यो भनेको संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय अदालतभन्दा अरू ठाउँ देखिंदैन ।

मुलुकी ऐन सुधारमा समेत संसद घेरेर र ५ सय पोका बनाएर सुझाव दिनसक्ने ह्याउ क्रिश्चियनहरुको भइसकेको छ । त्यति ताकत ऊँकार परिवारका हामी ९५ प्रतिशत छौं भन्नेहरुले कहिले पनि देखाउन सकेनन् । हामी बहुमत भनेर हिन्दुहरु तमासा हेरेर बस्ने र क्रिस्चियनहरु धर्मपरिवर्तन गर्दै अन्तर्राष्ट्रिय अदालतसम्मको धम्की दिएर राजनीतिक दलहरुलाई लछारपछार पारेर आफ्ना एजेन्डामा लम्पसार पारिरहने हो भने केही वर्षभित्रै नेपाल हिन्दुराष्ट्र नभएर, धर्मनिरपेक्षताको आवरणमा क्रिश्चियन राष्ट्र बन्न जानेछ ।

न हिन्दुलाई चिन्ता छ, न हिन्दुत्वको महिमाका सम्बन्धमा चिन्तन । हिन्दुहरु हेरिरहने, क्रिश्चियनहरु यसरी अघि बढिरहने ? कस्तो अचम्म ।





| | | |
|---|---|---|
| सम्पादक | | राजन कार्की |
| Editor | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| उप-सम्पादक | : | रोशन कार्की |
| सल्लाहकार सम्पादक | : | रामप्रसाद खनाल |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | मुरारी के.सी. |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

**गोरखा एक्सप्रेस**
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४२७३०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online website : nepaltoday.com.np




# सम्पादकीय

## मत गणनामा कछुवा गति जिम्मेवारी दलहरुको पनि छ

वैशाख ३१ मा भएको निर्वाचनको परिणाम आउन अझै हप्ता दिन लाग्ने सम्भाबना छ । यता वर्षे अधिवेशन सुरु भइसक्यो, संविधान संशोधन र सरकार परिवर्तनको मुद्दा पनि उठिसक्यो, दोश्रो चरणको निर्वाचनको प्रक्रियाको थालनी पनि भइसक्केको छ, यतिबेलासम्म पहिलो चरणको स्थानीय तहको निर्वाचनको परिणाम आउने कहिले हो भन्न सकिने अवस्था छैन । एक त निर्वाचनको बेलामा सामान्य कर्मचार अदलबदलसमेत गर्न पाइन्न, यहाँ त बजेट ल्याउने र सरकार नै परिवर्तन गर्ने कुरा छ । एकातिर आचारसंहिता पालना गर्नैपर्ने बाध्यता, अर्कोतिर ठूला पार्टी र सरकार नै आचारसंहिता उल्लंघनमाथि उल्लंघन गर्दै जाने समस्या । त्यसमाथि पहिलो चरणको मतगणना भइरहदा साना साना कुरामा समेत आपत्ति प्रकट गर्ने, मतगणना रोक्ने र नारावाजीमा समेत उत्रने पार्टीहरुका चरित्र । के गरेको यस्तो गाईजात्रा ?

मतगणना न्यायाधीशको रोहबरमा भइसकेपछि मतपत्रको सदर बदरको अन्तिम निर्णय तत्काल गरेर मतगणना रोक्न दिनै हुन्थेन । त्यसमाथि नाङ्ले मतपत्र गन्ति गर्नका लागि कम्तिमा पनि २०-२० ठाउँमा मत गणना गरेको भए यसरी आमनागरिकलाई उत्सुकतामा राख्नै पर्ने थिएन र निर्वाचन आयोगको यति धेरै आलोचना पनि हुने थिएन । मतपत्र यति धेरै बदर भयो कि यसमा मतदान शिक्षा नपुगको पक्कै हो । यसमा निर्वाचन आयोगको मात्र होइन, राजनीतिक दलहरुको समेत कमजोरी छ । निर्वाचन आयोगलाई मात्र दोष दिएर सरकार र दलहरु पन्छिन सक्दैनन् । कहिले एकचरण, कहिले दुई चरण भनेर निर्वाचन आयोगलाई पर्याप्त समयसमेत नदिएर फास्ट ट्र्याकमा काम गर्न बाध्य पारिएपछिका नतिजा भनेको यही सकस हो । त्यसमाथि राजनीतिक दलहरुले मतगणनास्थलभित्र र वरिपरि जुन प्रकारको मसल प्रदर्शन गरेका छन्, त्यसले पनि मतगणनाको समस्यामाथि समस्या थप्दै गएका हुन् । आफैले जित्नैपर्ने र प्रतिपक्षीको मत बदर हुनुपर्ने अनावश्यक लफडा झिक्ने पनि तिनै हुन् ।

मत गणनामा कछुवा गति हुनुमा साधन, स्रोत र मानवशक्तिको कमीले होइन, राजनीतिक दलहरुको असहयोग र असुरक्षाको कारणले हो । राजनीतिक दलहरुले उदारताका साथ सहयोग गरेको भए निर्वाचन अधिकृतले धेरै ठाउँमा मतगणना स्थल खडा नसक्ने कुरै थिएन र मतपरिणाम पनि छिटोभन्दा छिटो आउनसक्ने थियो । तर, समस्या खडा गर्ने राजनीतिक दलहरु नै भएकाले बोल बोल मछली, मुखभरि पानी बनाएर जतिसुकै आलोचना भए पनि निर्वाचन आयोग र अधिकृतले मत गणना गरिरहनु परेको छ । यहीकारण हो, मत परिणाम कछुवा गति आउनुको । यो त निर्वाचन आयोग, सरकार र राजनीतिक दलहरु सबैका लागि शिक्षा हो । दोश्रो चरणको निर्वाचन, त्यसपछि प्रदेश र केन्द्रको निर्वाचनमा यस्तो खालका समस्याहरु आउन नपाउन् भनेर सबैले आआफ्ना कमीकमजोरी सुधार्ने हो भने पछिका लागि यस्तो हुनेछैन । चेतना भया ।

# जनमतको कदर गर, जनबलको आर्जन गर



## दृष्टिकोण - राजन कार्की



**स्थानीय तहको पहिलो चरणको निर्वाचनको परिणाम आउने क्रम जारी छ । पहिलो चरणको निर्वाचनबाट सरकार, निर्वाचन आयोग र राजनीतिक दलहरुले के कस्ता शिक्षाहरु हासिल गरे । ती शिक्षाहरुलाई दोश्रो चरणको निर्वाचनमा अमलमा ल्याउन जरुरी छ । घुम्दैफिर्दै रुम्जाटारकै नियतिमा रहने हो भने दोश्रो चरणको निर्वाचनमा पनि उही क्लिष्टता, उही समस्या र उही अन्यौलता बढ्नेछ । जसले लोकतान्त्रिकरण हुनबाट राजनीतिक दलहरुलाई नै बन्चित गर्नेछ । दलहरु जति लोकतान्त्रिक हुनसके, उति लोकतन्त्र बलियो र जीवनशैली बन्दैजाने न हो ।**

सकारात्मक कम र नकारात्मक अनुभव धेरै बोकेर हामी ताजा जनादेशको अभ्यासमा जुटेका छौं । यो अभ्यासले आध्यारो फार्नुपर्छ, उज्यालो दिनसक्नुपर्छ । यो निर्वाचन पनि उही पुरानै शैलीमा गयो भने जुन उत्सुकता जनताले देखाएका छन् र हौसलाका साथ आफ्ना जनप्रतिनिधि चुनेका छन्, त्यसले अपेक्षित उपलब्धि दिनसक्ने छैन । २० वर्षपछि भएको स्थानीय निर्वाचनमा ७३ प्रतिशतसम्म मतदान हुनु भनेको आफैमा ठूलो जनसहभागिता हो । यो जनसहभागिताको गरिमा महिमा, सम्मान गर्न चुनिएका र चुनिने स्थानीय तहका नेतृत्वले सकेनन् भने लोकतन्त्र संस्थागत हुन र संविधानको कार्यान्वयनको जग भताभुङ्ग हुनेछ । किनभने हामी जनयुद्ध, जनआन्दोलनपछिका ३ दशकमा हायलकायल भइसकेका छौं । उदास जनमत बल्ल उत्साहित भएको छ, तिनलाई निरास पार्नु भनेको नेपालमा लोकतन्त्र चल्न सक्दैन भन्ने प्रत्याभूति हुनजानेछ । लोकतन्त्रलाई सफल पार्ने र परिवर्तनलाई जनजीवन बनाउने जिम्मा राजनीतिक नेताहरुको हो । जनताप्रतिको जिम्मेवारी अव प्रष्ट देखिनुपर्छ ।

देश धनी छ कि कंगाल ? यसको मानक देशवासीको मुहार र तिनको जीवनशैली हुनुपर्छ । भऱ्याङमुनी धोक्राका धोक्रा नोटका बिटा थुपारेर राख्ने केही प्रतिशतको सम्भ्रान्त जीवन र तिनको अरवी शेखशैली हुादा खाने अधिकांश बर्गको आर्थिक उन्नति कदापि हुनसक्दैन । यसकारण अहिले नेपालमा जुन आर्थिक प्रगतिको डिङ हाँकिएको छ, त्यो कोरा छ, काल्पनिक छ, यथार्थभन्दा धेरै पर छ । सत्य यही हो ।

आम नेपाली जीवन दुःख, कष्ट र पीडामा छन् । त्यो पीडाको हुटहुटी र छटपटीले आर्थिक विपन्नताको सत्य लोकार्पण गरिरहेको छ । अझ एयरपोर्टबाट वैदेशिक रोजगारीमा जाने बैध कामदार र खुला सीमाबाट भारतका विभिन्न सहर भएर खाडी मुलुकहरुमा जीवन गए जाओस् भनेर अवैध रुपमै भए पनि भड्खालामा हामफाल्नेहरुको कथाव्यथा पढ्ने हो भने नेपाल आर्थिक जरजर स्थितिमा पुगिसकेको जो कसैले अनुमान गर्नसक्छ ।

राजनीतिक पहुँच र प्रभावका माध्यमबाट केही प्रतिशतको सुख देशको सुख होइन, हिमाल-पहाड-तराई युवाविहीन हुनथालेको दृश्य आफैमा नेपालमा आर्थिक उन्नति भएको छ भन्नेहरुका लागि मुखभरिको जवाफ हो । यस्तो बेहाल अवस्था कसरी आयो, यसतिर चिन्तन गर्न अवेर भइसकेको छ । यो सबै दलहरुले सोच्ने विषय हो ।

तानाशाह, निरंकूशता फालेर लोकशासन र विधिको मार्ग त चुन्यौं, हाम्रा जनप्रतिनिधिहरुले न तानाशाहीको लत त्याग्न सके, न निरंकूश हुन छाडे । लोकशासन र विधि त अँगाल्यौं तर आलोपालो शासन र मेरो गोरुको बाह्रै टक्का गर्न थाल्यौं, जसका कारणले लोकलज्जा कायम रहनसकेन, संविधान कागजमा सिमित हुनपुग्यो । मीठा कुरा र तीता क्रियाकलापहरु बढ्दै गए ।

२०६३ सालका आदरणीय अग्ला नेताहरुले आफूप्रतिको जनादर कायम राख्न सकेनन् । देश र जनताको भर र भरोसा हुन नेतृत्व गर्नेहरु, तिनले त्यो भर र भरोसा चुडालेनन् मात्र, आफैलाई अविश्वसनीय र अराजक सावित गरिदिए । राष्ट्रियतादेखि राष्ट्रिय अर्थतन्त्र, अर्थराजनीति र अर्थसम्बन्धहरुसमेत व्यक्तिको नियन्त्रणमा कब्जा हुँदै गएको छ । राजनीतिक माफियाकरणले उत्पादन, बन्द व्यापार, शासन प्रशासन, न्याय सबै क्षेत्र खियाले खान थालेको छ ।

भनिन्छ, अर्थतन्त्र देशको रिडको हड्डी हो । त्यो हड्डी गालेर राजनीतिले स्वाद लिइरहदा कसैमा संकोच देखिन्न । यहीकारणले राष्ट्रिय फाँटमा अविश्वास, आशंका र अराजकताको भूमरी घुमिरहेको छ र त्यही भूमरीले जनताको सातो खाइरहेको छ, देशको सतित्व लुटिदै गएको छ । छिमेकी मेरा देश महान भन्छन्, हाम्रा नेताहरु मेरो नेपाल महान भन्न सक्दैनन् । विदेशीलाई बुई चढाएर राणाकालीन दद्धु बन्ने संस्कार हाम्रा नेताहरु बढ्दो छ । यही संस्कारले नेपालीत्व, नेपाली आधार र विश्वास बालुवाको महल भत्केसरह भत्किदै भत्किदै गएको छ । बलेको मैनवत्ती जसरी पग्लिदै पग्लिदै सकिन्छ, हाम्रो स्वाभिमान त्यसरी नै सकिदै सकिदै जाँदो छ ।

लोकतन्त्रमा देश बन्छ, जनता बन्छन्, उज्यालै उज्यालो हुन्छ, समानता र कानुनको राज चल्छ, सुशासन भनेकै लोकतन्त्र हो भन्ने जुन आशा थियो, त्यो आशा यतिखेर ब्रम्हनालमा सुताएको धुकधुके श्वासमात्र भएको व्यक्तिको हालतमा पुगिसकेको छ । विवेकशील नभएरका कारणले राजनीतिक दलहरु यो पीडादायी दृश्य देखिरहेका छैनन् ।

मान्छेले गर्ने आशा र विश्वास हो । १०४ वर्षको राणा शासनपछि २००७ सालमा प्रजातन्त्र आयो भनेर खुशी भएका आमनागरिकले अव त खुशी आउला कि भन्ने ठाने, आएन । २०१५ सालको चुनाव शासनले पनि त्यो खुशी दिनसकेन । एउटा सतीको सरापपछि अर्को तेरा घरमा कांग्रेस पसोस् भन्ने अर्को सराप थपियो । पञ्चायत आयो, पञ्चायतले पनि खुशी दिन सकेन । २०४६ सालमा बहुदल ल्याइयो । बहुदल कूशासन भनेर बदनाममात्र भएन, प्रजातन्त्रको नामसमेत २०६३ सालको जनआन्दोलनपछि लोकतन्त्र राखियो । संविधान बन्यो, तर शासन र सोचमा सुधार आएन । झन निरंकूशताको अनुभव गर्न नागरिक बाध्य छन् ।

लोकतन्त्रमा त राजतन्त्र र गणतन्त्र, हिन्दुराष्ट्र र धर्मनिरपेक्षता, संघीयता कि विकेन्द्रीकरण भन्ने नयाँ नयाँ विषालु द्वन्द्वका बीउहरु छरिएका छन् । योभन्दा पनि ठूलो बिबाद हिमाल, पहाड र मधेसको संयोजन अलग गराउने आवाज बनेको छ । जसले राष्ट्रियता नै बिखण्डन गर्ने मृत्युको घण्ट बज्न थालिसकेको छ । लोकतन्त्र विश्वको सबैभन्दा उत्तम व्यवस्था मानिएको छ । त्यस्तो उत्तम व्यवस्थामा हामी किन निकृष्ठ जीवन बिताउन बाध्य छौं । दलहरुमा कहाँ छ जनताप्रतिको जिम्मेवारी, देशप्रतिको कर्तव्यवोध ?

हो, लोकतान्त्रिक नेताहरुमा सान देखिन्छ, त्योभन्दा बढी सान जनताको मुहारमा किन देखिन सकेन ? यो यक्ष सवालको जवाफ दिने कसले ? खोजेको देशभक्त, निक्लिए राष्ट्रघाती । खोजेको परिवर्तन, पाइयो शोषणको नियति । कोरियादेखि न्यूजिलेण्डसम्म, अमेरिकादेखि बेलायतसम्मका नेताहरु नेपाल आएर वाह नेपाल भन्छन् । हाम्रो हालत कठै नेपालको छ । यस्तो दयनीय स्थितिको दायित्व नेताहरुले लिनुपर्छ कि पर्दैन ?

हामीसँग के छैन, सबैथोक छ । नभएको एउटै विशेषता हो नेताहरुमा नैतिकता र निष्ठा । देशमा बढ्दो अनियमितता र भ्रष्टाचारको ऐंजेरु भनेकै यही हो । जसले गर्दा अर्थराजनीति धरासायी भइसकेको छ । विदेशी लगानीकर्ता आउन धक मानिरहेका छन्, स्वदेशी पुाजी विदेश पलायन हुनेक्रम बढेको छ । अहिले ७ प्रतिशतको आर्थिक वृद्धिदर भनेर प्रकाशित गरिएको छ, यो सबै सुन्निएर मोटाएको तथ्यांक हो । यथार्थमा रेमिटानस अर्थतन्त्रमा अघि बढेको आर्थिक वृद्धिदरले खासै अर्थ राख्दैन । यो उत्पादन र निकासीसहितको बृद्धिदर हुादैहोइन । कहालीलाग्दो व्यापार घाटा बोकेर र वैदेशिक ऋणको बोझ खप्ने नेपालको त्यो आर्थिक बृद्धिदर लाटाको देशमा गाँडो तन्नेरी भनेजस्तै हो ।

कुनै बेला इटलीलाई सिन्डिकेट र कार्टेलिङले ध्वस्त बनायो । कसैले चाहेर पनि व्यवसाय गर्नसक्ने स्थिति थिएन । अमेरिका पत्ता लगाउने कोलम्बसको देश इटलीमा राजनेतृत्व जन्मियो, जसले इटलीलाई युरोपको विकसित मुलुक बनाउन सफल भयो । त्यस्तै बिग्रेको इटलीको हालतमा छ नेपाल, नेपालको विकास लागि राजनेताको इच्छाशक्तिको प्रतिक्षा भइरहेको छ । महाभारतमा अन्धा धृतराष्ट्रलाई सन्तानमोहले जसरी विवेकको पनि अन्धो बनायो, नेपालको राजनीतिमा अन्धा धृतराष्ट्रहरु प्रशस्तै छन्, पाप पखालेर राजनीतिक धर्म निर्वाह गर्नसक्ने, मार्ग देखाउन सक्ने कृष्ण कहिले जन्मिन्छ र नेपालले पाप र सरापबाट मुक्ति पाउला ? यतिखेर आमनागरिक निरास छन्, हौसला छ त नेता र तिनका पोषित कार्यकर्ताहरुमा मात्र छ । त्यो नैरास्यताबाट आशाको त्यान्द्रो चुँडियो भने थप दुर्घटनाबाहेक केही हुनेछैन । यद्यपि स्थानीय निर्वाचनमा आमनागरिकले जसरी मतदान गरेर अझै नेताहरु जिम्मेवार हुन्छन् कि भनेका छन् र जनप्रतिनिधि चुनिएका र चुनिदैछन् । दुवैथरिले आम नागरिकका अपेक्षामा खरो उत्रने र सहज सेवा दिने कबुल पनि गरिरहेका छन् । त्यो कबुल, त्यो घोषणा, त्यो प्रतिवद्धता स्थानीय नेताहरुले नबिर्सने हो भने माथिको नेतृत्व स्वतः कर्तव्य पालना गर्न बाध्य हुनेछ ।

नेपालको सबैभन्दा ठूलो समस्या युवा बर्गमा गरिखाने वातावरण पहिलो आवश्यकता हो । न्याय र समानता अर्को । जता पनि पन्पिएको माफियाकरणको अन्त्य जरुरी छ । जनता नेताको कब्जामा, कानुन कर्मचारीको पकेटमा, नयाँपुस्ता विदेशीन बाध्य पारिरहने हो भने आशाको अन्त्येष्टि हुनेछ, त्यसपछि नेपाल अन्धकारमय सुरुङमा रुपान्तरण हुनजानेछ । नेपालको भविष्य कहिल्यै नसुध्रने गरेर भताभुङ्ग हुनजानेछ ।

यतिबेला संचेतन, बुद्धिजीवी बर्गको काम भनेको आशा जगाउनु हो । मर्नलागेको आशालाई मर्न नदिनु हो । जुनसुकै दल वा दलदलबाट होस्, कोरियामा जस्तो एकजना पार्क चुङ ही अथवा सिंगापुरमा जस्तो लिक्वान यु जन्माउनु जरुरी छ । जसले असफलताको भीरबाट खुरमुरिन लागेको मुलुकलाई सकुसल उद्धार गरेर सबल राष्ट्रको जग बसाल्न सकोस् ।

निर्वाचन सुरु भएको छ, माघ ७ सम्ममा स्थानीय, प्रदेश र केन्द्रको निर्वाचन सम्पन्न हुनेछ । के यी निर्वाचनले विद्यमान विकृति र विसंगतिलाई सुधार गर्न सक्ला ? सक्छ भन्ने आश छ, त्यो जनआशमा विश्वास भर्ने जिम्मा राजनीतिक दलहरुको हो ।

# दोश्रो चरणमा रातो मसीको प्रयोग



## बेग हान्नुपर्ने सवाल

सहदेव सिग्देल

सबैभन्दा राम्रो प्रयोग विवेकको हुनुपर्ने हो । विवेकशीलका लागि मसीले केही लछारपाटो लाउने थिएन । तर विवादका लागि विवाद खडा गर्नमात्र जान्ने राजनीतिक दलहरुले ब्यालेट पेपेर, मसीको रङ् निलो नै प्रयोग गरेकाले पनि मतपत्र ज्यादा क्लिष्ट भएको, बदर भएको, मतदाताहरुलाई समस्या परेको टिप्पणी गरेपछि निर्वाचन आयोगले रातो मसी प्रयोग गर्ने निर्णयमा पुगेको जानकारी सचिव गोपिनाथ मैनालीले दिएका छन् ।

यथार्थमा ठूलो मतपत्र भएका कारणले गर्दा मतदाताहरुलाई राम्रोसँग शिक्षा दिन नभ्याएको र आफ्ना उमेदवारको चुनाव चिन्ह खोज्दैमा फजिती भएकाले पनि मतदानमा बढी समस्या खडा हुनपुगेको कुरा राजनीतिक दलहरुले स्वीकार गरिसकेका छन् । पर्याप्त समय भएका भए जुन जुन निर्वाचन क्षेत्रमा जति जति उमेदवार छन्, तिनको मात्र चुनाव चिन्ह राखेर मतपत्र छपाई गर्न सकिने थियो । समयको कमी गरेको सरकार र राजनीतिक दलहरुले नै हुन्, जसका कारणले उमेदवार भए वा नभए पनि भएभरका चुनाव चिन्ह राखेर मतपत्र एकैपटक छपाई गरियो । मतपत्र ठूलो हुनुको कारण यही हो । ठूलो मतपत्रमा कसलाई मतदान गर्ने भनेर चुनावचिनह खोज्न मुस्किल पऱ्यो ।

त्यसमाथि कतिपय निर्वाचन क्षेत्रमा दलहरुले मिलेर चुनाव लडे । मिलेर चुनाव लड्दा कसलाई कसरी मतदान गर्ने भनेर पार्टीहरुले सिकाएनन् । जसको प्रत्यक्ष प्रभाव भरतपुर नगरपालिकामा पऱ्यो । कांग्रेसले माओवादी उमेदवारलाई समर्थन गरेको भरतपुरको मेयरमा रुखमा पर्याप्त मत पऱ्यो । माओवादी केन्द्रले तालमेलमा चुनाव लडेकाले रुखमा परेका मत हँसिया हथौडामा गन्ति हुनुपर्छ भन्ने बखेडा झिके, जुन गलत थियो, गलत भयो । कांग्रेसले आफूले समर्थन गरेका उमेदवारलाई मतदान गर्न सिकाएको भए बवाल हुनेथिएन । जेहोस्, सचिव मैनालीका अनुसार दोश्रो चरणको निर्वाचनमा मसी रातो प्रयोग गर्ने बताएका छन् । मसी रातो भए पनि अविवेकीपन दलहरुले हटाउन जरुरी छ, जसले गर्दा राजनीतिक सौहाद्रता बनिरहनेछ र मतदान तथा मतगणना छिटोछरितो र लोकतान्त्रिकरण भएको पनि देखिनेछ । दोश्रो चरणको निर्वाचन जेठ ३१ गते बाँकी ४१ जिल्लामा हुनेछ । यो



निर्वाचनमा स्वस्तिक छाप रातो मसीले लगाउने तैयारीमा निर्वाचन आयोग जुटेको छ । मसीले मात्र मतदान र गणनामा सहजता आउला त ?




## एनसेलमा फेसबुक फ्री

एनसेलले ग्राहकहरुका लागि फेसबुक निशु:ल्क गरेको छ। एनसेल नेटवर्कले फेसबुकसँगको साझेदारीमा ‘इन्टरनेट फर अल’ नाराका साथ तीन महिनाका लागि उक्त योजना ल्याएको हो ।

एनसेलका प्रमुख कार्यकारी अधिकृत ‘सिइओ’ सिमोन पार्किन्सका अनुसार सो योजना ९० दिनसम्म चल्नेछ। ‘फेसबुक फ्रि अफर’ अन्तर्गत एनसेल प्रयोगकर्ताले फोटो अपलोड, सेयर, कमेन्ट रिप्लाई, लाइक गर्न पैसा तिर्नुपर्दैन। तर, म्यासेन्जरमा कल र एसएमएस गर्दा भने पैसा तिर्नुपर्छ। एनसेलले यसअघि अर्को सामाजिक सञ्जाल ट्वीटरमा नै सेवा नि: शुल्क गरिसकेको छ ।




## उद्योगी मेयरमा

वीरगञ्ज । उद्योगी, व्यापारीहरु पनि स्थानीय तहको निर्वाचनमा आफै सहभागी हुने वातावरण बनाउन थालेका छन् ।

यी ओमप्रकाश शर्मा वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हुन्। यिनी वीरगञ्ज उपमहानगरलाई महानगर बनाउनु पर्छ भन्दै मेयरको चुनावमा उठ्ने प्रचार गर्न थालिसकेका छन् ।

यिनले खुलेरै भनिदिए- चाहेजति विद्युत पाउन नसकेका कारण उद्योगीहरुले चोर बाटोबाट विदेशमा लगानी लैजना बाध्य भइरहेका छन् लगिरहेका छन् ।

छैन, मुलुकभित्र लगानीको वातावरण छैन । लगानीकर्ताले वातावरण नपाएपछि विदेशमा लगानी लानु उद्योगीको वाध्यता हो । मुलुकभित्र लगानी विस्तारका लागि उद्योगीले चाहे जति विद्युत पाउनुपर्छ, त्यसका लागि सरकारले विद्युत उत्पादनमा २ खर्ब रुपैयाँ लगानी गर्नुपर्छ, सरकार कुरा गरिरहेको छ ।

यिनको दावी छ, उद्योग मैत्री सरकारका लागि र मुलुकमा औद्योगिक वातावरण निर्माणका लागि समेत दवाब दिन उद्योगी व्यापारीले राजनीति गर्नुपर्ने पनि बताए । आफू मेयरमा उठ्न लागेको खुलासा समेत गरेका छन् ।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
CIVIL BANK
Thinking forward Moving forward

## सिभिलको ४० प्रतिशत हकप्रदा पास

काठमाडौं: सिभिल बैंक लिमिटेडको छैटौं वार्षिक साधारणसभाले सेयरधनीलाई नगद लाभांश प्रदान गर्ने निर्णय पारित गरेको छ। साधारणसभाले आव ०७२-७३ को नाफाबाट शेयरधनीहरूलाई २.८८ प्रतिशत बोनस सेयर तथा कर प्रयोजनका लागि ०.१५१६ प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय पारित गरेको हो ।

युनिक फाइनान्स लिमिटेड र हामा मर्चेन्ट फाइनान्स लिमिटेडलाई सिभिल बैंक लिमिटेडले प्राप्ति गर्ने प्रयोजनको लागि मूल्यांकनकर्ता जेबी राजभण्डारी एन्ड डिबीन्सबाट प्राप्त दुवै लक्षित संस्थाको सम्पत्ति र दायित्व मूल्यांकन प्रतिवेदन (डीडीए) बमोजिम पछिल्लो बजार मूल्य तथा इजाजतपत्रको वर्ग समेतका आधारमा सिभिल बैंक लिमिटेडको प्रतिसेयर मूल्य एक सय रुपैयाँ बराबर युनिक फाईनान्स लिमिटेडको ९० तथा हामा मर्चेन्ट फाइनान्स लिमिटेडको ८९ रुपैयाँ कायम हुने निर्णय गरेको छ ।

सिभिल बैंक लिमिटेडको १ कित्ता सेयर बराबर युनिक फाइनान्स लिमिटेडका सेयरधनीहरूलाई सिभिल बैंक लिमिटेडको ०.९० कित्ता र हामा मर्चेन्ट फाइनान्स लिमिटेडका सेयरधनीहरूलाई सिभिल बैंक लिमिटेडको ०.८९ कित्ता सेयर प्रदान गरी दुवै लक्षित संस्थालाई सिभिल बैंकले प्राप्ति गर्ने निर्णय साधारणसभाले गरेको छ ।

बोनस सेयर जारी तथा युनिक फाइनान्स लिमिटेड र हामा मर्चेन्ट फाइनान्स लिमिटेडलाई प्राप्ति गरेपश्चात कायम हुन आउने चुक्ता पुँजीको ३० प्रतिशत प्रस्ताव गरेकोमा सभाले सोलाई संशोधन गरी ४० प्रतिशत हकप्रद दिने निर्णय गरेको छ ।

सभाले पारित गरेको बोनस सेयर प्राप्ति र हकप्रद सेयरपछि बैंकको चुक्ता पुँजी नेपाल राष्ट्र बैंकले तोकेको समयमा पूरा हुने बताएको छ। यद्यपि बाफियाका कारणले अध्यक्ष इच्छाराज तामाङले राजीनामा दिएर यो वैंकबाट पन्छिएका छन् भने उनकै कारणले धरासायी हुनलागेको सिभिल वैंक अव तङ्ग्रिने आशा गरिएको छ ।




## फास्ट ट्र्याकको उद्घाटन १४ गते

राजीनामा दिए वा नदिए पनि प्रधानमन्त्री पुष्पकमल दाहालले बहुचर्चित काठमाडौं-निजगढ फास्ट ट्र्याकको शिलान्यास जेठ १४ गते निजगढबाट गर्ने कार्यक्रम तय भएको छ। सरकारले यसअघि नै फास्ट ट्र्याक निर्माणको जिम्मा नेपाली सेनालाई दिइसकेको छ। प्रधानमन्त्रीले यो जस किन छाड्ने भनेर यस्तो कार्यक्रम बनाएको माओवादी केन्द्रका एक नेताले खुलासा गरेका छन् ।

फास्ट ट्र्याकको जिम्मा भारतीय कम्पनीलाई दिने भनेर कांग्रेसका विमलेन्द्र निधिमार्फत सभापति देउवा लागेपछि जनस्तरमा व्यापक आलोचना भएको थियो। जनदबाबकै कारण फास्ट ट्र्याक नेपाली सेनालाई जिम्मा दिइएको हो। सेनाले आवश्यक दक्ष जनशक्ति र प्रविधि भने विदेशबाट झिकाउन सकिने सुविधा पनि पाएको छ। सैनिक स्रोतका अनुसार सेनाले यो जिम्मेवारी बखुवी निर्वाह गर्छ, त्यो क्षमता नेपाली सेनाभित्र पर्याप्त छ, शंका गर्नै पर्दैन। राजधानीसँग मधेस जोड्ने काठमाडौं-निजगढ द्रुतमार्ग नेपालको आर्थिक विकासका लागि रिडको हड्डी मानिएको छ, यसकारण यो निकै महत्वपूर्ण योजना हो। फास्ट ट्र्याकले बाराको निजगढमा बन्न लागेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थललाई समेत जोड्ने छ ।

करिब एक खर्ब रुपैयाँ लागत अनुमान गरिएको यो परियोजनाको सेनाले एक अर्ब रुपैयाँ लागतमा ७६ किमी ट्र्याक खोलिसकेको छ। २००८ देखिको चर्चित यो फास्ट ट्र्याक अव केही वर्षमै सेनाले सुविधासम्पन्न राजमार्गका रुपमा बनाइदिनेछ ।

यद्यपि यसका लागि धेरै अघि नै ग्लोवल टेण्डर मागिएको थियो। भारतीय कम्पनीले पाएको त्यो ठेक्का निर्माण भइसकेपछि सञ्चालन र हस्तान्तरण प्रणालीमा भारतले नेपाललाई लुट्ने नियति राखेर महगो टोल शुल्क कायम गरेको प्रचार गरेपछि त्यो टेण्डर रद्द गरिएको थियो। तैपनि भारतले नेपालमाथि यति धेरै दबाब दिएको थियो र नेपाली कांग्रेसलाई नै प्रयोग पनि गरेको थियो तर नेपाली जनता र संचेतन बर्गको व्यापक विरोधपछि सरकार फास्ट ट्र्याक भारतीय कम्पनीलाई दिन रोकेर नेपाली सेनालाई जिम्मा दिन बाध्य भएको थियो। अव सेनाले बनाउने छ फास्ट ट्र्याक ।

PRABHU
CAPITAL

## २०० प्रतिशत हकप्रद

काठमाडौं। प्रभु क्यापिटल लिमिटेड (Prabhu Capital Ltd)ले लगानीकर्तालाई एक बराबर दुईको अनुपातमा अर्थात २०० प्रतिशत हकप्रद शेयर निष्काशन गर्ने भएको छ। कम्पनीको सञ्चालकको निर्णय अनुसार कम्पनीको आगामी जेठ २० गते विशेष साधारणसभाले यसको निर्णय गर्नेछ ।

सभा चुक्ता पूँजी वृद्धिको प्रस्ताव लगिने भएको छ। हाल सात करोड चुक्ता पूँजी भएको कम्पनीको २०० प्रतिशत हकप्रद निष्काशन गरेपछि पूँजी २१ करोड पुग्नेछ। त्यस्तै सभामा कम्पनीको अधिकृत तथा जारी पूँजी वृद्धि गरी ३० करोड रुपैयाँ पुऱ्याउने साथै कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पनि विशेष साधारण सभामा लगिने कम्पनीले जनाएको छ। विशेष साधारणसभा जेठ १८ गते हुनेछ ।



## डलरकाण्ड तात्यो

काठमाडौं। जतिसुकै छोपछाप र दबाउन खोजे पनि खिल पल्टिएको रुपमा राजस्व अनुसन्धान विभागले होटल डेला अन्नपूर्ण प्रालिको नाममा भएको डलर अपचलन मुद्दाको फाइल खोलेको छ। स्रोतले भन्यो- होटल अन्नपूर्णको फाइललाई कानुनी कारबाहीको दायरामा आयो, अव थप अनुसन्धानपछि कारवाहीको प्रक्रिया सुरु हुनेछ ।

अनुसन्धान गर्दै जाँदा धेरै अपचलनका कुराहरु अनुसन्धानको दायरामा आउनेछ, अनुसन्धान सुरु गरेपछि लहरो तानिन्छ, पहरो गर्जन सक्छ। यसै भन्छन् राजस्व अनुसन्धानका अधिकारी ।

२०७२ साल मंसिरदेखि नेपाल राष्ट्र बैंकले डलर अपचलन गरेको प्रमाणसहित कारवाहीको दायरामा ल्याउन पत्राचार गरेको थियो। होटलका अध्यक्ष कपिल शमशेरले होटलको नाममा रहेको डलर व्यक्तिगत उपयोगमा अपचलन गरेका थिए। राजनीतिक दबाबमा दबाइदै अए पनि अव दबाउन नसक्ने स्थितिमा पुगेको छ। कम्पनी ऐनअन्तर्गत स्थापित र नेपाल सरकार, नेपाल ट्रष्टको समेत सेयर लगानी रहेको संस्थाका पदाधिकारीले व्यक्तिगत खर्च कम्पनीबाट गरेको आरोप छ ।



### झटारो

रोशन कार्की



## चुनावका बेला यिनको ध्यान धनतिर

कसैलाई केको चिन्ता, घरज्वाईंलाई खानकै चिन्ता। यो उखानजस्तै भयो सरकारको कामगर्ने तरिका। नेपालको सम्पूर्ण ध्यान स्थानीय तहको निर्वाचनतिर लागेको बेलामा र निर्वाचन आयोगले आचारसंहिता लगाइरहेको बेलामा सबे सीमाहरु उल्लंघन गरेर अर्थमन्त्री कृष्णबहादुर महरा र वीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाईंसहितको ५ जना सदस्य यही बेलामा नयाँ बीमा कम्पनीहरुलाई अनुमति दिएर धन कमाउन




व्यस्त देखिए। अर्थविदहरु भन्छन् : कम्तिमा ५० करोडको खेल भयो, निर्वाचन आचारसंहिताको गम्भीर उल्लंघन गरियो। पेलेर शासन व्यवस्था सञ्चालन हुने रहेछ। यहाँ जे पनि सम्भव छ भनेको यही हो ।

किन यस्तो गरियो ? प्रमाणसहित वीमा समिति र अर्थमन्त्री कृष्णबहादुर महराविरुद्ध अख्तियारमा सयभन्दा बढी उजुरी परेको छ। वीमा समितिकै कर्मचारी, अन्य सचेत नागरिकहरुको यी उजुरीहरुबारे अख्तियारले वास्ता गरेको छैन। अख्तियार पनि सरकारको प्रभावमा परेको देखिन्छ भन्ने आरोप लागिसक्यो। यसरी अनावश्यक रुपमा बीमा कम्पनीहरु थप्दै जाने हो भने बीमा व्यवसायको भबिष्यनै संकटमा पर्ने कारणहरुसहित अख्तियारमा निबेदन परेको छ। अख्तियार स्रोतका अनुसार यसो नगर्न अर्थ मन्त्रालयलाई जेठ २ गते पत्र काटे पनि भोलिपल्टै १० नयाँ जीवन बीमा कम्पनी थप्ने निर्णय गरेको देखिन्छ ।

लाइसेन्स पाउनेहरुमा आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, सानिमा लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, स्टार लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड, रिलायवल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड रहेका छन्। स्ट्याण्डर्ड लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनिलाईफ लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडलाई पनि आजभोलि नै लाइसेन्स दिइने बताइन्छ ।

## समृद्धिको आधार हिन्दु हुनेथियो

**पासाङ शेर्पा :**

जस्तो उदाहरणको लागी सर्वप्रथम धार्मिक क्षेत्रलाई लिएर लामैचर्चा गर्न सकिन्छ देशलाई सार्वभौम स्वतन्त्र अखण्ड र कहिल्यै कसैको गुलामी नगरेको स्वाभिमानी परिचय रहेको डंकापिट्ने तर यथार्थमा आफनै घरको परिवारको सामान्य झगडा मिलाउनु पनि अर्काकै सहयोगको याचना गर्ने प्रवृति वा संस्कार भएजस्तै देशलाई हिन्दुराज्य घोषणा गरेर नै के फरक पऱ्यो जबकी हिन्दुत्वको महान वांमयमा याहााको कुनै पनि सम्पदाहरु समावेश हुनै सकेन ।



जवकी वालमिकी , ऋषि पुलस्ते ऋषिहरुको उद्गम भुमि यहाा भइकन वैदिक प्राचिन हिन्दु मान्यता अनुसार शालीकरामको महिमा अत्यन्तै उच्च मानिएको यथार्थ छ शालिकरामको खानीभएको पवित्र काली गण्डकीको वारेमा एउटा पुराण लेखिएन यस्ता सातहजार पवित्र गंगाहरुको संगम देवघाटको महिमा विश्व व्यापीकरण गराउनुको लागी आजसम्म हिन्दु राष्ट्र भनिएको नेपाली धर्तिमा वैदिक सनातन हिन्दुत्वको विसुद्ध ढंगले गरिमालाई उचालीने कुनै सञ्चार माध्यम एउटा टेलिभिजन च्यानल सम्म सञ्चालन गरिएको छैन , जस्को माध्यमवाट पलपलको आ ं नो सकारात्मक धारण लाई लोकसमक्ष सम्प्रेशण गर्न पाईयोस । यस्तो निकम्मापनको कुरागर्ने हो भने ६४ सालपछि अनिस्वरवादी वि.पी. का चेलाचपेटा र धर्मलाई अफिमको रुपमा वुझ्ने अधर्मिहरुले अनायासै धर्म निरपेक्षको अर्थहिन डंकापिटे त्यसको प्रतिकार स्वरुप आाधिवेहरी यि विधर्मिहरु सत्तामा भएपनि थामनु रोक्नु नसक्ने प्रकृतिको आन्दोलन गर्नु पर्नेमा, केहि ठुला पात्रभनिएका २० , ५० जना ले रिले अनसन सम्मपनि गरेनन्। हिन्दुराष्ट्र नेपाललाई र राजतन्त्रलाई विराम दिने जुन घटना घटित भयो त्यसपछि हिन्दु वादी र राजावादी हरुको आशाअपेक्षा ध्यान त्यहि भारतिय हरुको निगाहा प्राप्त गर्नेतिर सोझिएको देखिन्छ ।

त्यहि भारतिय हरुलेनै हिन्दुराज्य स्थापना गरि देवस र राजापनि पुनस्थापीत गरीदेओस , यतिमात्रै होइन त्यो शिल्सीलामा हामीलाई आर्थिक लाभपनि होस्। आफैाले चाहीा अलिकतिपनि जोखिम उठाएर केहि नगर्ने। वाङगोहोस की लुलोहोस् अर्काले टेकाइदिएको वैशाखीमा उभिएर एक खालको हाुकारगर्ने नौटंकीवाला हिन्दुवादी र राजावादीहरु मौजुद देखिन्छ। नत्र शव्दमा मनेजस्तै ८५ प्रतिशत हिन्दुहरु सडकमा आउनेहो भने प्रचण्ड र गिरीजाहरु फटाफट दुलापर्थे ।

(नवौमा) यदि साािच्चिकै हिन्दुको मर्म र भावना बुझेका थिए भने साािच्चिकै दिलले मनमुटुले हिन्दुत्वलाई माया गरेको हुन्थ्यो भने यहााको माछापुच्छ्रे , धौलागिरी र थुप्रै गण्डकीहरुको वारेमा संस्कृतमा परिस्कृतढंगले पुराण उपनिशदहरु लेखिएको हुने थियो यस्तो कृतिहरु अंग्रेजी, नेपाली, हिन्दीमा अनुवाद भएर स्नातक, स्नातकोत्तर गर्ने विश्वविद्यालयका विद्यार्थीहरुले पढ्नुपर्ने थियो देशविदेशमा ।

सााच्चिकै जागेको हिन्दुहरु नेपालमा भईदिएको भएदेखि, त्यो विश्व कासीनाथ, सोमनाथ, गांगोत्री, ऋषिकेश, कन्याकुमारी अक्षरधाम मन्दिर, दिल्लीको जस्तो दर्जनौ अत्यन्तै आकर्षक आइकनिक पर्यटकीय ढंगले अनेकौा सुविधायुक्त व्यवस्थित तिर्थ स्थलहरु गोसाइकुण्ड, स्वर्गद्धारी, मुक्तिनाथ, पाथीभरा, तम्घास, रिडी, लुम्विनी, तनहुाको घाासीकुवा गोर्खाको लिगलिगकोट, फर्पिङको दक्षिणकाली दोलखाको भिमेश्वर सिन्धुलिको कमलामाई झापाको दोमुखा, रामेछापको सैलुङ, संखुवासभाको मनकामना काभ्रेको चण्डेश्वरी पलाञ्चोक यि अनेकौं स्थानमा आइकनिक केन्द्रहरु निर्माण गरिदिएको भए देशलाई समृद्ध बनाउने आधार नै यही हिन्दुत्वको कारण भइरहेको हुने थियो ।

## दस श्रष्ठालाई हीरक सम्मान

काठमाण्डु, जेठ ६ गते, नेपाल प्रज्ञा प्रतिष्ठानले ‘हीरक’ जयन्तीका अवसरमा विभिन्न विधाका दस वरिष्ठ स्रष्टालाई ‘हीरक सम्मान’ प्रदान गरेको छ। नेपाल प्रज्ञा प्रतिष्ठानले शनिबार आयोजना गरेको समारोहमा आनन्ददेव भट्ट, चूडामणि रेग्मी, जसराज किराँती, डा तारानाथ शर्मा, तेजेश्वरबाबु ग्वंग, दीपनारायण मिश्र, नारायणप्रसाद शर्मा, रमा शर्मा, शङ्करनाथ रिमाल, शान्तदास मानन्धरलाई रु एक लाख राशीसहित सम्मानित गरेको हो ।

राष्ट्रकवि माधवप्रसाद घिमिरे, संस्कृतिविद् सत्यमोहन जोशी, प्रतिष्ठानका पूर्व कुलपति वैरागी काइँलाले ती सम्मान प्रदान गरेका हुन्। कार्यक्रममा ‘त्रिदिवसीय राष्ट्रिय वाङ्यमय सङ्गोष्टी’ को उद्घघाटन पनि गरिएको थियो ।

राष्ट्रकवि घिमिरेले आफ्नो अस्तित्वका लागि विचित्रको काम गरेर संसारमा नाम राख्न सफल नेपालले मौलिक र स्तरीय साहित्यलाई अनुवाद गरी विश्वमा फैलाउन सकेमा थप पहिचान स्थापित हुने बताए। उनले पछिल्ला समयमा नेपाली साहित्यमा स्तरीकरण पनि भइरहेको उल्लेख गरे ।

पूर्व कुलपति काइँलाले नेपाली जहाँ रहेपनि आपसमा बाँध्ने तन्तु भनेकै भाषा, संस्कृति भएकाले राज्यले यसलाई संरक्षण गर्नुपर्ने बताए ।

संस्कृतिविद् जोशीले नेपालको भाषिक एकीकरणका लागि भानुभक्तकालदेखि भएको योगदानलाई चिरस्मरणीय बनाउन सक्नुपर्नेमा जोड दिए ।

प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले सङ्गोष्टीमा साहित्यका विभिन्न बिधा, दर्शन र नेपाल भारत मैत्री सन्धि आदि विषयमा विमर्श हुने बताए। प्रतिष्ठानका सदस्य सचिव डा जीवेन्द्रदेव गिरीले कार्यक्रममा सहभागी हुन भारतका सिक्किम, दार्जिलिङ, सिलिगुढीलगायतबाट नेपाली भाषी साहित्यकारको पनि सहभागिता रहेको जानकारी दिए। भारतबाट आएका समालोचक डा कविता लामाले भूगोल र राजनीतिक अलग भए पनि भाषा, संस्कृति र साहित्यबीचको तादम्यता समान एवम् सद्भावपूर्ण रहेको बताइन्। कार्यक्रम अत्यन्त रोचक रुपमा सम्पन्न भएको थियो ।

## लगानी बोर्डमा मन्त्री

सरकारले लगानीबोर्डको उपाध्यक्षमा उद्योगमन्त्री नवीन्द्रराज जोशीलाई नियुक्त गरेको छ। शाही औषधि लिमिटेड चलाउन सफल भएका जोशीले लगानी बोर्ड ऐनअनुसार लगानी बढाउन कुन कुन तरिका अपनाउलान्, हेर्न बाँकी छ। यद्यपि सिक उद्योग चलाउने निर्णयमा यिनलाई सफलता हासिल भएको छ ।

नियुक्तीपछि मन्त्री जोशीले बोर्डलाई विभिन्न मन्त्रालय र निकायसँग समन्वय गरी ठूला पूर्वाधार परियोजनाहरू प्रभावकारी ढंगले अगाडि बढाउन एउटा सशक्त निकायका रूपमा स्थापित गर्ने र लगानीबोर्डले आफ्नो विज्ञता र विशिष्टतालाई परियोजना पहिचान एवं तिनीहरूले रोजगारी, राजस्व तथा समग्र अर्थ व्यवस्थामा दिने योगदानबारे अनुसन्धान एवं लगानी सहजीकरणको काममा प्राथमिकता दिनुपर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

उपाध्यक्ष जोशीले बोर्डको काममा आइपर्ने समस्या समाधान गर्न सम्बन्धित मन्त्रालयहरूसँग छलफल



गरी अगाडि बढ्ने उनले बताएका छन्। उनले लगानीबोर्डको कामलाई अझ सहज बनाउन लगानीबोर्ड ऐनमा आवश्यक संशोधन गर्नुपर्ने भए त्यसका लागि पनि आफ्नो तर्फबाट आवश्यक सहयोग हुने आश्वासनसमेत दिएका छन ।

बोर्डमा प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारी छन्। अधिकारीले नवीन्द्रराज जोशीलाई उपाध्यक्षको रूपमा पाउँदा बोर्ड उत्साहित भएको र बोर्डले हाल भोगिरहेका समस्या समाधानमा सहज वातावरण बन्ने विश्वास व्यक्त गरे। एक भेटमा उनको दावी थियो- जोशी सकारात्मक र विकास होस् भन्ने धारणा भएका व्यक्ति हुन्, बोर्ड अघि बढ्छ ।

# Trump trip shows US hypocrisy on human rights

*(CNN)President Donald Trump's trip through the Middle East should puncture a myth Americans have been fed for generations: that this country's foreign policy lives up to its high-minded rhetoric on the advancement of human rights.*

Jonathan Tasini

Donald Trump took a lot of heat several weeks ago for his warm words for Philippines authoritarian leader Rodrigo Duterte, who has been widely criticized for alleged human rights abuses in his war on drugs. But in his cozying up to Duterte, President Trump has simply followed a long tradition. For decades, Democrats and Republicans alike have chosen allies principally based on the strategic and economic priorities of the United States, no matter how much blood flowed from such choices. The global human toll that has been run up as a cost of advancing US interests is not a recent development. American foreign policy may have been wrapped in the language of human rights, but its actions have often fostered anything but.

Henry Kissinger, an adviser to politicians from Richard Nixon to Donald Trump to Hillary Clinton, had no concern for human rights as he orchestrated illegal bombings of Cambodia and Vietnam, causing the deaths and displacement of millions of people; the 1973 overthrow of the democratically elected president of Chile, Salvador Allende, which ushered in a murderous dictatorship; and the support for the Indonesian invasion of East Timor in 1975, whose military occupation of over a quarter of a century caused roughly 100,000 deaths.

In the 1980s, the US strongly supported Napoleon Jose Duarte, the head of a military junta in El Salvador. For many years, Ferdinand and Imelda Marcos ran a brutal regime in the Philippines but were close US allies, receiving billions of dollars in aid in return for the stationing of thousands of American soldiers at a network of US military bases.

As his presidency wound down, Barack Obama signed a 10-year, $40-billion military aid package with Israel. Meanwhile, Israel's ongoing treatment of Palestinians imposes what Jimmy Carter has called apartheid. Human Rights Watch recently concluded that Israel continues to "enforce severe and discriminatory restrictions on Palestinians' human rights" and that "Israeli security forces used lethal force ... including in circumstances that suggest excessive force and at times extrajudicial executions."

Besieged at home, Trump sets off for 'do-or-die' foreign trip

Besieged at home, Trump sets off for 'do-or-die' foreign trip

Which brings us to President Trump's current itinerary. Saudi Arabia, a long time US ally, has been the beneficiary of billions of dollars in US weapons over many decades, including, according to news reports, a new $110-billion arms deal expected to be unveiled by President Trump. Yet, according to a recent Human Rights Watch report, Saudi Arabia, "continued their arbitrary arrests, trials, and convictions of peaceful dissidents. Dozens of human rights defenders and activists continued to serve long prison sentences for criticizing authorities or advocating political and rights reforms." A Saudi-led coalition has also conducted a bombing campaign in Yemen that has targeted civilian areas, killing scores of innocent people.

In Saudi Arabia, women are second-class citizens, the report continues; they cannot drive and must have a male guardian's permission to marry, travel, or even exit prison. Without a male relative's help or consent, they may face difficulty accessing health care, renting an apartment or filing legal claims.

Even our enemies were once our friends. Who can forget the iconic picture of then-Reagan administration envoy Donald Rumsfeld smiling broadly as he shook the hand of Saddam Hussein in the 1980s at the height of the Iran-Iraq war, despite the toll of Hussein's homicidal grip on his country? Human rights took a back seat to the far more cynical principle: the enemy of my enemy is my friend. In this case, Iraq fit the US strategic interest of confronting Iran.

And let's not forget that to shield its officials from international judgment, the U.S. is one of the few countries to refuse to be a party to the International Criminal Court in the Hague, the permanent, independent court charged with investigating and prosecuting individuals who commit war crimes, crimes against humanity and genocide.

Why is it so important to spotlight this history? Because of relentless propaganda over the years flogging the alleged human rights mission of US foreign policy, many Americans often seem irked that millions of people worldwide decry American intervention, viewing the protests as ungrateful. And because as much as we might disagree with President Trump's cozying up to strong men, his approach to foreign policy may be, in some ways, simply a blunter version of business as usual.

What Americans don't see are the bombed-out homes, the jails teeming with tortured political prisoners or the sea of orphans, widows and bereaved relatives — many of whom suffer because of aid and comfort supplied by the US to their oppressors. Talking more openly about those costs might shift the peoples' view of what an ethical and moral foreign policy would look like, including a true respect for human rights.



# How To Swap Horses Midstream (And Not)

Having overseen the first round of our high-profile local elections, Prime Minister Pushpa Kamal Dahal 'Prachanda' is all set to hand over the premiership to Sher Bahadur Deuba this week.

Our Maoist chief says he is bound by a power-sharing deal he struck with the Nepali Congress president last year before replacing K.P Sharma Oli as head of government. If Dahal is so anxious to prove that he is a man of his word, then who are we to nitpick?

Oli's Communist Party of Nepal-Unified Marxist Leninist is outraged. How can one election be conducted by two prime ministers? "At a time when election commission does not allow to transfer even a clerk-level staff, how come we are going to change the government, prime minister and ministers?" asked Subash Chandra Nemwang, former chair of the Constituent Assembly. That is a sentiment shared by the Nepali Congress' Shekhar Koirala.

Deuba & Co. would like to argue that the complexion of the government would not change. The Election Commission, while uncharacteristically assertive on all matters pertaining to the polls, is also eager to avoid that landmine. It knows that the national political process over more than a decade has been driven by compromises of convenience rather than constitutional niceties.

Since the second phase of polling, scheduled for June 14, will be focused on the Madhes, the apprehensions are obvious from that quarter. For one thing, that's the region that has proved most intractable as far as matters of inclusion and representation are concerned. Furthermore, violence and volatility have meshed with geopolitics and granularity for so long that no one knows who stands for what and for how long.

All this exacerbates the gripping sense of uncertainty. Some Madhes-centric leaders see royalists trying foil the second round. Given the drubbing the Rastriya Prajantantra Party Nepal suffered in the first round, such allegations can find easier credence.


Other Madhes-centric leaders maintain what they consider their principled stance. Without an amendment to the Constitution, a second round is out of the question. So what if the first round was successful? It didn't represent the bulk of the electorate, did it?

Amid all this, one question becomes more relevant: Is the power transfer a deliberate ploy to subvert the second round of voting and thereby delegitimize the first? That way, it would be impossible to conduct the three levels of elections within the constitutionally mandated January 2018 deadline. No single individual or entity could be blamed for such a disaster. Blaming political quirks and institutional compulsions would give the public mood enough resignation and despondency to make another experiment palatable.

Should things head in a positive direction, the nation can congratulate itself for having pulled off a remarkable feat and focus its hopes and fears on the next two elections.

Dahal, for his part, can sit back and relax. If he keeps his word, he will go down in history as that rare specimen of politician. If he wants to stay in office, he can let the CPN-UML and other critics do the heavy lifting.

– **Maila Baje** (nepalinetbook.com)










- धुम्रपानको सेवनले स्वयं आफू, आफ्नो परिवार र वातावरणलाई नै श्वास-प्रश्वास रोगी बनाउँछ ।
- धुँवा, धुलो, मट्टितेलको खारबाट जोगिनु नै आकस्मिक श्वास-प्रश्वास रोग लाग्न नदिनु हो ।
- श्वास फेर्न गाह्रो हुनु, ज्वरो उच्च हुनु र कोखा हान्नु श्वास-प्रश्वास रोगका लक्षण हुन् ।
- श्वासप्रश्वासमा समस्या देखापरेमा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क राख्नुपर्छ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौडा, तनहुँ




## सर्वाधिक चासो...

*निर्वाचन प्रकृया प्रारम्भ भइसकेको अवस्था छ । दोश्रो चरणमा एमालेलाई कसरी साइजमा ल्याउने भन्ने बारेमा चुनावी रणनीति तयार गर्न सत्ताधारी माओवादी केन्द्र र कांग्रेसमात्र होइन, मधेसी दलहरुलाई समेत एकै मिसिलमा मिसाएर एमालेलाई टक्कर दिने अवस्थामा पुर्‍याउन भारतसमेत संलग्न भएका खबरहरु आइरहेका छन् । भारत एमालेसँग संविधान संशोधन गर्न अस्वीकार गरेका कारणले पनि नाखुश छ र चुनावको जितको लहरले त भारतलाई जलीमली पारेको छ ।*

*एमालेलाई यही ब्रेक लगाउन सकिएन भने थप चुनौती खडा हुनसक्ने निष्कर्ष निकालेरै राजदूत मञ्जिव सिंह पुरी सत्ताधारी र मधेसी मोर्चा अर्थात राजपालाई मनाउन र तालमेलसहित चुनावमा सहभागी गराउन सक्रिय भएका हुन् भनिदैंछ । जेहोस्, नेपालको स्थानीय तहको निर्वाचनले भातरको निद हराम गरिदिएको छ । र, एमालेले जुन प्रदर्शन गरेको छ, जनमत साथ दिएका छन्, देखते चलो, आगे आगे होता है क्या ?...*

## इजाजत...

**साथ चिरञ्जविी चापागाईलाई वीमा समितिको अध्यक्ष बनाएका थिए महराले । अव जीवन वीमा कम्पनीको संख्या १९ पुग्यो, यो संख्यामा कम्पनी आवश्यक हो कि होइन ? कतै अध्ययन गरिएन । यी कम्पनीले चुक्तापुँजी २ अर्व पुर्‍याउन पनि मुस्किल मानिएको छ ।**

**प्रमाणपत्र काण्डमा फसेका भए पनि संवैधानिक समितिले दीप बस्नेतलाई अख्तियारको प्रमुख आयुक्तमा सिफारिस गरेको छ भने अख्तियारमा वीमा समिति र मन्त्रीको भ्रष्टाचार काण्डबारे उजुरी परे पनि अख्तियारले अझै फाइल खोलेर अनुसन्धान थालेको छैन । किन ? प्रचण्ड सरकारको ९ महिने कार्यकालको यो अर्को ठूलो भ्रष्टाचार काण्डका रुपमा चर्चा भइरहेको छ । यति हुँदा पनि अख्तियार हर्कतमा आउँदैन भने लोकतान्त्रिक नेपालमा पार्टीहरुको लखनौं लूट मच्चिएको अर्थमा बुझ्ने कि नबुझ्ने ?**

**नियमनकारी निकायमा हनुमान राख्ने प्रवृत्तिले देशको कानुन व्यवस्था किचिमिचि हुनथाल्यो है ।**

## चुनावमा...

**प्रधानमन्त्रीले १० प्रदेशको पक्षधर हुँ, मधेस २ प्रदेश बनाउने मेरो पार्टीको आधिकारिक निर्णय हो तर देशलाई निकास दिने र मधेश र मधेशी जनताका मुद्दा सम्बोधन गर्न गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता जस्ता उपलब्धिहरु संस्थागत गर्नुको बिकल्प छैन । त्यसका लागि मधेश केन्द्रित दलहरु पनि निर्वाचनमा आउनुपर्छ । आन्दोलन र संघर्षको रुप सधैं एउटै हुँदैन, तपाईहरु पनि ब्यालेटको मोर्चामा आउनुस्, संघीयता संस्थागत गरौं भनेर जनकपुरबाट आग्रह गरेका छन् ।**

**यद्यपि त्यो कार्यक्रममा संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव, राजपाका नेता महेन्द्र राय यादव, कांग्रेस नेता अमरेशकुमार सिंह पनि उपस्थित थिए र लचकदार भाषण गरेका थिए ।**

**उपेन्द्र यादवले स्पष्ट शव्दमा भनेका छन्– संविधान संशोधन नभए पनि मधेसी दलले चुनावमा भाग लिन्छन् । उनले यो प्रष्टोक्ति जनकपुरमै पत्रकार सम्मेलन गरेर समेत बताए । मधेसवादी दलहरुले गठन गरेको राष्ट्रिय जनता पार्टीमा सबै मधेसवादी दलहरु एक भएका छन् र घरघरमा राजपा राजपा कण्ठ गराइसकेका छन् । दोश्रो चरणको निर्वाचनमा संविधान संशोधन विरोधी एमालेलाई सवक सिकाउने उनीहरुको तैयार रहेको छ ।**

**राजपालाई भाजपाको भाइपार्टी भनेर जतिसुकै खिसी गरे पनि दोश्रो चरणको निर्वाचनमा यही पार्टीले मधेसमा किल्ला गाड्यो र झण्डा फहराइदियो भने राजपाको हैसियत राम्रैसँग स्थापित हुनजाने छ । जनकपुरवासी भन्छन्- मधेसमा राजपाका बारेमा एकमत छ, त्यही एकमत मतदानमा देखिने छ । मधेस राजपामय हुनेछ ।**

**राजपाले संविधान संशोधन मार्फत जे जे खोजेका छन्, ती मागहरु आफ्नो जनमत स्थापित गरेर, त्यही जनबलका माध्यमबाट उठाउनु उपयुक्त हुनेछ, त्यही नै लोकतान्त्रिक बाटो पनि हो भन्दैछन् राजनीतिक पर्यवेक्षकहरु पनि ।**

## ६ देशमा श्रम सहचारी र काउन्सिलर

काठमाडौं । सबै निर्वाचनतिर लागेका बेलामा भागबण्डाका आधारमा ६ देशमा श्रम सहचारी र काउन्सिलर नियुक्त गर्ने फाइल तैयार भएको छ ।

वैदेशिक रोजगारीमा जाने मुख्य देशहरुमा श्रम सहचारी नियुक्ती गरिने र काउन्सिलर राखिने प्रकृया अघि बढेको समाचार छ । यसमा उमेदवार हुन चाहनेले चालक लाइसेन्स र टोफेल अथवा आइइएलटीएस उत्तीर्ण गरिएको हुनुपर्ने मापदण्ड बनाइएको छ ।

अहिले श्रम सहचारी र काउन्सिलर नियुक्त गरिने मुलुकहरुमा मलेसिया, दक्षिण कोरिया, साउदी अरबको जेद्दाह, युएई, कुवेत र ओमन छन् । मन्त्रालयका अनुसार यी मुलुकहरुमा अहिले श्रम सहचारीका पदहरु खाली हुँदा कामदारहरु समस्यामा परेका छन् । कामदारहरुले दूतावासमा आउँदा पनि आफ्नो समस्या नसुनिएको गुनासो बढ्दै गएको छ । दूतावासले किन कामदारका गुनासो सुनेन भनेर परराष्ट्रले राजदूतहरुलाई खरी घस्न सकेको स्थिति छैन । किनभने राजदूतहरु राजनीतिक दलका भागबण्डामा नियुक्त भएकाले राजदूतहरुले मन्त्रालयको आदेश टेर्ने अवस्था पनि देखिदैन । यसैलाई सम्बोधन गर्न रिक्त रहेका देशमा श्रम सहचारी नियुक्तिका लागि दरखास्त मागिएको मन्त्रालयले जनाएको छ ।

मापदण्ड बलियो बनाउँदा शक्ति केन्द्रको भनसुन र पैसाको भरमा श्रम सहचारी हुन नसकिने अधिकारीहरु बताइरहेका छन् । श्रम मन्त्रालयका अनुसार यो पटक श्रम सहचारीमा दावी गर्न टोफेल र आइइएलटीएसमा न्यूनतम ५ अंक ल्याउनै पर्नेछ । पीटीई परीक्षामा ३५ अंक ल्याएकाले पनि श्रम सहचारीमा आवेदन दिन सक्नेछन् । साथै सवारी चालक अनुमतिपत्र पनि अनिवार्य गरिएको छ भने निजामति सेवामा कम्तिमा अधिकृतस्तरमा ३ वर्ष सेवा गरेकै हुनुपर्ने व्यवस्था भएकाले अव स्तरीय व्यक्ति नियुक्त हुनेछन् ।




काठमाडौं । नेपाल सरकारले शाही नेपाली सेनाको सिफारिसमा असोज १५ गते अवकाश पाउने निश्चित भएका पूर्णचन्द्र थापाको म्याद १ वर्ष थप गरेपछि भावी प्रधानसेनापति को बन्छ ? भन्ने सवालले जवाफ पाएको छ ।

२०७५ भदौ २४ गते वर्तमान प्रधानसेनापति राजेन्द्र क्षेत्री अवकाशमा गएपछि पूर्णचन्द्र थापा प्रधानसेनापति बन्नेछन् । उनको म्याद थपिएसँगै यो निश्चित भएको हो । म्याद थपिएका थापाले सैनिक नेतृत्व सम्हाल्ने वातावरण बन्नु पछाडि प्रधानसेनापति राजेन्द्र क्षत्रीको विशेष योगदान रहेको चर्चा जंगीअड्डाभित्र जोडतोडले चलिरहेको छ । यथार्थ पनि यही नै हो ।





## प्रेस काउन्सिलका नयाँ अध्यक्ष


प्रेस काउन्सिल नेपालमा भवानी प्रसाद बराल नेपाल सरकारद्वारा नयाँ अध्यक्षमा चयन पश्चात् काउन्सिलमा शपथ ग्रहण पश्चात पदभार ग्रहण । बरिष्ठ पत्रकार तथा निमित्त काउन्सिल अध्यक्ष किशोर श्रेष्ठले प्रेस काउन्सिलमा नवनियुक्त अध्यक्ष बरालको हार्दिक स्वागत गर्दै पदभार सुम्पेका थिए ।

नेपाल सरकारले ०७४ जेठ ४ गते भवानी प्रसाद बराललाई प्रेस काउन्सिल नेपालका अध्यक्षका रुपमा नियुक्त गरेको थियो । आइतवार एक विशेष कार्यक्रमका वीच नवनियुक्त अध्यक्ष भवानीप्रसाद बरालले पदभार ग्रहण गरेका छन् ।

यस कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र बिष्टले मिडियाको संख्यात्मक वृद्धि भएको र गुणस्तरतालाई ध्यान दिई बदलिदो परिस्थितिमा काउन्सिलले स्वतन्त्र र स्वायत्त निकायको रुपमा स्थापित भई आफ्नो भूमिकालाई फराकिलो पार्दै जानुपर्ने कुरामा जोड दिएका थिए भने प्रेस काउन्सिलका निमित्त अध्यक्ष किशोर श्रेष्ठले- काउन्सिल अहिले नयाँ प्रविधियुक्त छ, उच्च ओहोदाका महानुभावहरु उजुरीका लागि आउनुभएको छ, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा सम्वन्ध विस्तार गरेको छ, त्यसैले तथ्यहीन र सतही कुराका पछि नलागौ भनेर नयाँ अध्यक्षको कार्यकालको सफलताको कामनासमेत गरेका थिए ।

प्रेस काउन्सिल कर्मचारी संघका अध्यक्ष मानबहादुर लामिछानेले जनशक्ति व्यवस्थापन गर्दै काउन्सिलको भूमिकालाई प्रभावकारी बनाउन जोड दिए । पत्रकार महासंघ काठमाडौं शाखाका अध्यक्ष शान्तराम बिडारी लगायत काउन्सिल पदाधिकारी तथा कर्मचारीले पुष्पगुच्छा, खादा-फूलमालाले स्वागत गरेका थिए । सपथग्रहणपछि पदभार ग्रहण गर्दै अध्यक्ष भवानीप्रसाद बरालले बिगतको समिक्षा गरी स्वस्थ, मर्यादित र जवाफदेही पत्रकारिताको बिकासका लागि एकताबद्ध भएर काम गर्ने प्रतिबद्धता ब्यक्त गरेका छन् । सो अवसरमा बरालले आफु आवद्ध संचारमाध्यमवाट राजीनामा दिई काउन्सिल प्रवेश गरेको बताउँदै– म आजदेखि सबैको साझा भएँ, सबैको साथ र सल्लाहमा अघि बढ्नेछु भनेर काम सुरु गरेका छन् ।

-रिपोर्ट र तस्विर महेन्द्रराज सिंहका साथमा गोरखा एक्सप्रेस न्यूज डेस्क ।




# न धर्म निरपेक्ष, न धर्म परिवर्तन

धर्म स्वभाव हो । धर्म परमात्माद्वारा निर्मित निर्देशनको पालन हो । एउटै गराको माटोमा सागसागै रोपे पनि उखुको गुलियोपन, पातीको तितोपन, अमरोको टर्रोपन, खुर्सानीको पिरोपन, कागतीको अमिलोपन, सागको नुनिलोपन कहिल्यै कहीं परिवर्तन हुँदैन । कुनै पनि प्राणीले आफ्नो धर्म छाड्दैनन् धर्म परिवर्तन गर्दैनन् । परमात्माबाट सृजित निर्देशनको अपहेलना गर्दैनन् । त्यो धर्मको पालना हो । संबिधानमा लेखेर उखुलाई तितो हुन, कागतिलाई गुलियो हुन, आदेश निर्देश गरे पनि बदलिदैन । नबदलिने रुप नै धर्म हो । त्यो कसरी निरपेक्ष हुन्छ, कसरी परिबर्तन हुन्छ ? ने.पालका पछिल्लो संबिधानको यस्तो गलत कामलाई बोकेर ईशाई वा मुसलमान आएर हिन्दु धर्म मास्ने, धर्मान्तरण गर्ने गरेका छन्, यो पुर्ण अधर्मी काम हो, रोक्नै पर्छ । श्रष्टाभन्दा माथि बसेर राज्यले कसरी त्यो छुटदिन सक्छ ? त्यसैले धर्म निरपेक्ष हुन सक्तैन, धर्म परिबर्तन पनि हुन सक्तैन ।

प्रत्येक प्राणीमा सन्तानोत्पत्तिको चाहना हुन्छ । चाहना प्राकृत हो । त्यो पनि धर्म हो । तिनका आ-आफ्ना धर्म र प्रकृया छन् । सबै प्राणीमा संभोग भावना हुन्छ । सन्तान प्रसारणको चेतना हुन्छ । त्यो केवल मानिसमा मात्र होइन, सबै प्राणीमा हुन्छ, पशुपंछीमा हुन्छ, चराचुरुङ्गीमा हुन्छ, कीटपतङ्गमा हुन्छ, जलचरमा हुन्छ । त्यतिमात्र होइन स्थावर प्राणीमा पनि हुन्छ । रुख बृक्ष, झारपात सबैमा हुन्छ । ती सबैमा परिवार बिस्तार गर्ने चेतना पनि हुन्छ । सिमलको भुवा हावामार्फत उडेर, कुरोको परजीवीसँग टाासिएर, धान मकै वा सालको बीज बगेर, दुबो आदि भलपानीमा बगेर अरुहरू ठाउँमा सन्तती बिस्तार गर्दछन् । वर पिपल आदि त चारा आदिको आहार बनेर तिनको बिस्टामार्फत अर्को ठाउँमा सन्तती बिस्तार र पुनर्स्थापन गर्दछन् । यस्ता कुरा प्राणी मात्रका धर्म हुन् । सृष्टिको धर्म व्यवस्था हो । परामात्माद्वारा निर्मित प्राकृतिक धर्म हो जो धर्मैबाट पालना गरिएको हुन्छ । मानिसले बिज्ञानको जति खोज गरे पनि परब्रह्म परमात्माको सृष्टि बुझ्न सक्तैन । यो नेतिनेति छ । मानिसले रक्त सेल, रक्त प्लेटलेट, मासी, वीर्य जस्ता बस्तु आबिस्कार गर्न सक्तैन । बिज्ञानको संयन्त्र जति ठुलो भए पनि त्यो मानिसबाटै निकाल्नु पर्दछ । त्यस्तै पर्दछ सबै स्थावर जंघम प्राणीको पनि । सृष्टि बढाउने जोगाउन कामेक्षा पनि मानिसले चाहादैमा हुादैन । कामदेबले नै, अथवा परमात्मालेनै चाहनुपर्छ । कामेक्षा कामना जस्तै सबै कामना त्यसै गरेर प्राप्त हुन्छन् । बालमिकीलाई रामायण लेख्ने शक्ति पनि कसैबाट प्रदत्त हुन्छ । यी कामकुरा निरपेक्ष हुन सक्तैनन् ।

धर्म भनेको सबैलाई कल्याण गर्नु हो । धर्मले कल्याणकारी काम गर्न सबैलाई प्रेरित गर्दछ । कहिल्यै कसैको अनिष्ट नचाहने मानिस धर्मी हो, धार्मिक हो । सत्यको पक्ष आगाल्नु नै धर्म हो । यसैसँग सत्सङ्गको अवधारणा गाँसिएको हुन्छ । यसखाले धर्मलाई कल्याण धर्म भनिन्छ ।

धर्मले प्राणी मात्रलाई आचरणमा राख्दछ । मन, वचन, कर्म, शरीरबाट धर्म आचरण गरिन्छ । धर्मले नै मानिसको मन धनी र सुखी हुन्छ । सबैले लोक धर्मका आधारमा रहेर भोग गरे मात्र सुख भोग हुन्छ । धर्म शास्वत र सत्य हो ।

धर्मले नै मानवत्व र देवत्व प्राप्त गराउादछ । धर्मशास्त्र, धार्मिक आचरण, वेद र आत्मज्ञान-मानवत्व हितका विषय हुन् । धैर्य प्राणी मात्रको कष्ट नाशक र अनन्त सुख दिने शास्त्र हो । धर्म जीवन सुधार्ने आधारशीला हो, रत्न हो, अमुल्य वस्तु हो । ईश्वर प्राप्तिका लागि गरिने काम तथा लोक विश्वास अनुसार स्वर्ग प्राप्तिका लागि गरिने पुण्य कर्महरूलाई पनि 'धर्म' भनिन्छ । यी र यस्ता कुरा आचरण धर्ममा पर्दछन् । धर्म भनेको प्रत्येक व्यक्तिले धारण गर्न योग्य नियम हो । धर्म भनेको राम्रो कामप्रति आकृष्ट हुनु हो । सत्कर्म गर्नु नै धर्म हो । धर्म कानुन हो । समाज सत र असत गुणहरूको मिश्रित व्यक्तिहरूको जमात हो । 'सोच' मानिसको आत्म केन्द्रितताको उपज हो । असत भनेको धर्म वा कानुन विपरित कार्य हो । अराजकता हो ।

धर्म बुझ्न चाहनेले आफ्ना कमजोरी र आफ्नो अज्ञानता विरुद्ध आफैं लड्नु पर्दछ । यसरी लड्नेले बाहिरी शत्रुसाग लड्नु पर्दैन । धर्म आनन्द प्राप्तिका लागि हो । आनन्द बाहिरी संसारमा हुँदैन, आफैंभित्र हुन्छ । आफ्नो अहङ्कार र क्रुरता त्याग्नेले मात्र आनन्द पाउन सक्दछ ।

धर्म एक व्यक्ति, एक ग्रन्थ र एक पक्षीय हुँदैन । धर्म एकोहोरो हुँदैन । हजारौं, लाखौं चिन्तकको सोध, प्रयोग, अनुभवले खारिएको साझा रुपमा प्राणीमात्रमा लागु हुन सक्ने कुरा मात्र धर्म हो । जुन लागु हुन सक्दैन त्यो सम्प्रदाय हो, 'धर्म' होइन । पौरस्त्य संस्कारमा प्रचलित धर्म ठूलो विद्वत् समाजको वैज्ञानिक परीक्षणको परिणाम हो । व्यक्ति विशेषले बनाएको र व्यक्ति विशेषबाट लागु गरिएको होइन । त्यसकारण धर्म (हिन्दुत्व)लाई अतिवादी, सङ्कीर्णवादी, कट्टरतावादी, अन्धविश्वासी भन्ने अज्ञ, अल्पज्ञ वा मुढ मात्र हुन् । अरु सम्प्रदायमा झैं एक व्यक्तिको पगदण्डीमा (हिन्दु) धर्म हिाड्दैन ।

सत असत् कर्म धर्म पनि मानव प्रवृत्तिको सुधारको लागि पौरस्त्य महामुनिहरूबाट सृजना गरिएका विषयवस्तु हुन् । कर्तव्य गर्नु नै धर्म हो भन्ने भावनाको विकास गराउन वर्ण व्यवस्थाका चारै आधारको प्रभाव रहन्छ । प्रबुद्ध नभैकन सत र असत् कर्म छुट्याउन सकिादैन । आस्तिक सोच नभएको व्यक्ति प्रबुद्ध हुन सक्दैन । उसको बुद्धि परिस्कृत हुँदैन, विवेकको कोशिकाको निर्माण हुादैन । पशुको पनि मन हुन्छ तर उसको उच्चस्तरीय विवेक हुादैन । विवेक नभएकाले सत्कर्म गर्न सक्दैन । त्यसैले पशुलाई यो लागु हुादैन ।

धर्मको सर्वमान्य दार्शनिक पक्ष के हो भने भुसुनादेखि ब्रह्माण्डसम्म सबैको - उत्पत्ति हुन्छ, - स्थिति हुन्छ, र - विनास हुन्छ । यस क्रमलाई जुन नियमले बााधेर राखेको छ त्यसलाई 'धर्म' भनिन्छ । त्यसैले धर्म शास्वत सत्य कुरा हो । यो काल र स्थान विशेषले भिन्न हुँदैन । धर्ममा मतान्तर गर्नंपर्ने अर्को पक्ष हुँदैन । त्यसैले यो जातको धर्म र त्यो जातको धर्म, यो थलोको धर्म र त्यो थलोको धर्म भन्न सकिादैन । जस्ले भन्दछ त्यो यथार्थमा अज्ञानी हो, असामाजिक हो र आततायी हो । त्यसले समाजका अज्ञलाई भड्काउँदछ, नकारात्मक प्रभाव पार्दछ ।

सांसारिक क्रमलाई जुन नियमले बााधेर राखेको छ त्यसलाई 'धर्म' भनिन्छ । जसले बााधेका छ त्यही ईश्वर हो ? धर्म नियम हो, इश्वर सर्वशक्तिमान परम तत्व हो । धर्म सांसारिक हो, ईश्वर असांसारिक हो । दुई भिन्न बस्तु भएर पनि धर्मसँग ईश्वर तत्व सदा गाासिएर आएको हुन्छ । धर्म र ईश्वरलाई सँगसँगै बुझ्ने बुझाउने चेष्टा गरेपछिमात्र धर्म

## चुनाव जित्नासाथ राजीनामा


टोखा नगरपालिका ९ का कांग्रेसी उमेदवार हरिप्रसाद पाठकले वडा अध्यक्षमा जित हासिल गरे । तर आफ्नो टिमले हारेको र आफूले मात्र चुनाव जितेकाले उनलाई असह्य भयो र उनले तत्काल पार्टी सभापति शेरबहादुर देउवालाई पत्र लेखेर राजीनामा गरेका छन् । यी एकमात्र उमेदवार हुन्, जसले नैतिकताका आधारमा राजीनामा दिएका छन् । अन्य थुप्रै क्षेत्रमा अध्यक्ष एउटा पार्टीले र अन्य पद अरु पार्टीले जितेका छन् तर तिनले राजीनामा गरेनन् । यी कस्ता कांग्रेसी हुन् जो आफूलाई नैतिक धरातलमा उभ्याएर पार्टीको लागि काम गर्छन् र पाएको मौकालाई पनि पार्टीको हितका लागि परित्याग गर्न अघि सर्छन् ।



हुन पनि सबैले टोखा नगरपालिकाको चुनावमा कांग्रेसको पुरै प्यानलले हार बेहार्नुपर्‍यो । यसको पीडा त पार्टी हाँक्नेलाई हुनुपर्ने हो । यस्ता कार्यकर्ता पनि कांग्रेसमा रहेछन्, जसले पार्टीको हितबाहेक व्यक्तिगत स्वार्थ कत्ति पनि नहेर्ने रहेछन् । यिनको राजीनामा देखेर कांग्रेस हाउस सानेपा आफैमा सनन्न भएको छ । प्रत्येक नेताले यिनको त्यागको प्रशंसा गरेका छन् ।

टोखा नगरपालिकाको मेयरमा एमालेका प्रकाश अधिकारीले बाजी मारेका छन् ।

## राप्रपाभित्र गम्भीर आत्मसमीक्षा सुरुभयो






# यो मुलुक कसैको पेवा होइन

पहिलो चरणको स्थानीय चुनावको सरगर्मी सेलाउन नपाउँदै, दोश्रो चरणको चुनावको तातो लाग्न सुरु भइसकेको छ । यही जेठ ३१ गते हुने भनिएको दोश्रो चरणको स्थानीय चुनावमा सहभागी गराउन अहिलका प्रधानमन्त्री प्रचण्डले पेरि छलफल सुरु गरिरहेका छन् । दोश्रो चरणको चुनाव अन्तर्गत अधिकांश मधेसको भूभागमा पर्ने प्रदेशहरु भएकाले तराई मधेसमा रहेका राजनीतिक दलहरु मध्येका सबैभन्दा ठूलो राष्ट्रिय जनता पार्टी र यसका नेताहरुसँग प्रधानमन्त्री प्रचण्डको बाक्लै उठबस सुरु भएको छ । यो उठबस बिनाकारण होइन, प्रचण्डको स्वार्थका कारण बढेको हो ।

गत शुक्रवार साँझ एमाले सहितको बैठकमा प्रधानमन्त्री प्रचण्डले मधेसका केही जिल्लाहरुमा स्थानीय त हको संख्या बढाउने र सविधान संशोधन गर्ने प्रस्ताव राख्दा एमालेहरुले कडा विरोध गरेपछि सरकारी पक्ष अव संविधान संशोधन चैं दोश्रो चरणको चुनावपछि गरौं भन्न थालेको बताइन्छ । तर मधेसको ठूलो दल राजपा चैं हामी अव संघर्ष गर्छौं भनेर सरकारलाई घुर्क्याउन थालेको छ । मधेसका १५ वटा जिल्लाहरुमा १५ दखेखि २९ ओटासम्म स्थानीय तहको संख्या बढाउने सरकारी तैयारीरहेको थियो । अहिलेसम्म स्थिति हेर्दा संविधान संशोधन तत्काल नहुने छाँट देखिएको छ । दोश्रो चुनावपछि संविधान संशोधन गरौं भन्ने सरकारी पक्ष र संविधान संशोधन नभए चुनाव हुन दिदैनौं, बरु चुनाव विथोल्ने गरी आन्दोलनका कार्यक्रम दिन्छौं भन्ने मधेसी मोर्चा अर्थात राजपाको घुर्कीका वीचमा मुलुक फेरि एकपटक अनिर्णयको बन्दी बन्न पुग्दैछ । यसको निकास जरुरी छ, निकाल्नै पर्छ ।

जानिफकारहरु भन्छन्, यो मुलुकलाई चलाइरहेको बाह्य शक्तिको डिजाइन भयंकर नै छ । ३ वटा प्रदेशमा चुनाव गराएर अन्यमा रोकाइदिने । एकतिर भारतीय राजदूत मन्जित सिंह पुरी चुनावमा सहभागी हुन मधेसी दललाई सुझाव दिन्छन् भने अर्कोतिर स्वतन्त्र मधेसका अभियन्ता डा.सीके राउनहरुलाई पुन: मैदानमा ओराल्छन् । राउत र उनका पक्षधरहरुले ब्यालेटको जवाफ बदर मत भन्ने मुहिम चलाउँदैछन् । अर्थात घरि भारतीय एजेन्ट भनेर चिनाउने गरिएका त घरि सीआइए एजेन्ट भनेर बताउने गरिएका राउत एण्ड कम्पनी पनि तराई मधेसमा चुनाव हुन नदिएर स्वतन्त्र मधेसको आन्दोलनलाई अझ चर्काउन लागिपरेको देखिन्छ । एकातिर संविधान संशोधन पछिमात्र दोश्रो चरणको स्थानीय चुनाव भन्नेमधेसवादी दलहरुको माँग छ भने अर्कातिर चुनावै हुन नदिने पृथकतावादीहरुको चुनौती छ । यस्तो चेपुवामा नेपाल सरकार परेको छ । डा.सीके राउतहरुको दिनानुदिन हैसियत बढ्नुमा नेपाल भित्रका नेपाली जनताको समर्थन भन्दा विदेशी धाप रहेको छ भनेर आँकलन गर्नेहरुले वास्तवमा दोश्रो चरणको चुनाव गराउँछु भनेर जिम्मा लिने चाहे प्रचण्ड हुन् वा समाचारमा भनिएजस्तो शेरबहादुर देउवा नै प्रधानमन्त्री बनेर किन नआउन्, एकदमै गाह्रो छ । सीके राउतहरु सबैभन्दा ठूलो दुर्भाग्य बन्नथाले यो देशको ।

अझ केही विद्वानहरु त यो पहिलो चरणको भन्दा पनि दोश्रो चरण महत्वपूर्ण हुनेछ भनेर तर्क दिदैछन् । आउँदो माघ ७ भित्र स्थानीय, प्रदेश र संसदको निर्वाचन गरेर वर्तमान संविधान कार्यान्वयन गराएर मुलुकलार्य पूर्ण गणतन्त्रमय बनाउँछौं भनेर सपना देख्नेहरुले बल गरेका छन् तर त्यो सफल नहुने निष्कर्ष ती विद्वानहरुको रहेको छ । परम्परागत र सडकका शक्तिलाई पूर्ण निषेध गरेर विदेशीको आडमा मुलुकलाई बिखण्डन र बिभाजनको अवस्थामा पुऱ्याएर भए पनि आफ्नो सत्रा अभिष्ठ पूरा गर्नका लागि यी गणतन्त्र नामधारीहरु अन्तिम प्रयासमा जुटेका छन् । फेरि दोश्रो संविधानसभाको निर्वाचनको परिणाम होस् वा अहिलेको स्थानीय तहको पहिलो चरणको प्रारम्भिक परिणामको नतिजा हेर्दा, नेपाली जनताले हिजोका संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्तका पक्षपाति राजनीतिक दलहरुलाई पहिलो र दोश्रो बनाएको देखिदैछ । उग्र वामपन्थी सोचाइकोदल कल्पनै नगरेका नतिजा लिएर बस्न बाध्य भएका छन् । खासगरी शिक्षित समुदाय बस्ने सहरी क्षेत्रमा । अर्थात हिजो जनआन्दोलनको लहै लहै र बहकाउमा लागेकाहरु पनि विस्तार विस्तार गल्ती सुधार्नतिर लागि परेका देखिन्छन। पहिलो संविधानसभाको निर्वाचनपछि जनमतमा विस्तार विस्तार खस्किदै गएको उग्रवाम चिन्तन पक्षधर शक्तिले पनि अव निषेधकोराजनीतिले सबै सकिन्छ भनेर बुझ्न जरुरी छ । सडकका अथवा परम्परागत शक्तिलाई समेत निश्चित स्थान दिएर सहमति र सहकार्यको राजनीति गरे मुलुकको भलाइ नै हुनेछ ।




## सूचना

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहनुपर्दछ ।



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग



## मोफसलको आवाज

स्वयम्भुनाथ कार्की, विराटनगर
snkarki@gmail.com

# अधिकृत वारेसनामा दिएपछि सहनै पर्छ

राजा महेन्द्रले कविता लेखे 'तिम्रै हो नागरिक हक, लेउ काँधमा काँधै गरी' । उच्चतम प्रजातन्त्रमा पुग्ने भनेको लक्ष यहि नै हो, नागरिकहरुले आफ्नो हकको प्रयोग आफैले गरुन् । राजा महेन्द्रले यो लेख्दा उनमा इमानदारी थियो वा थिएन, त्यसको यो आलेखको प्रयोजन हैन । मुल्यांकन कुरो सही हो कि होइनले हुनु पर्दछ । चिनीको स्वाद शत्रुको हातबाट वा अभिन्न मित्रको हातबाट जसबाट भए पनि बरावर गुलियो नै हुन्छ, तितेकरेलाको स्वाद तीतो नै हुन्छ । हो, उनले नागरिकको आफ्नो हक प्रयोगको निमित्त अधिकृत वारेसनामा लिने एकमात्र सर्वधिकार राख्ने दावी गर्ने दलहरुलाई प्रतिवन्ध भने लगाएकै हुन ।

आफ्नो प्रत्यक्ष शासनका ११ बर्ष १ महिना १६ दिनको लेखाजोखा गर्ने हो भने जनताले आफ्नो प्रतिनिधि चुन्ने कर्तव्यबाट कहिले मुक्ति पाएन । त्यस्ता प्रतिनिधिहरुले जनताको नाममा निर्वाध जे पनि गर्ने छुट पनि पाएनन् । जनआवाज र जनचासो भन्दा बाहिर गएर काम गर्न साृच्चै नै कठिन थियो । यही कारण हो कि त्यो प्रणालीमा काम गरिसकेका पञ्च भनिने प्रतिनिधिहरु पञ्चायतको नाम सुन्न पनि रुचाउँदैनन् । दलको बलले बलियो हुन पाउने प्रणालीमा जनआवाज नसुनिएको गुनासोले आफुलाई कम पिरेको अनुभव गर्दछन् । दललाई नै प्रजातन्त्र मान्नेहरुले त त्यसलाई कालरात्री भन्नै पर्दछ र भन्छन्, किनभने त्यो प्रणालीमा आफ्नो नेताले दिनलाई रात वा रातलाई दिन भने पनि त्यसलाई जनताको विवेकमा छिराउन मेहेनत गर्ने कार्यकर्ताको उपस्थिति वर्जित थियो ।

मुलभूत नागरिक हक १९ सालको संविधानमा जे थियो वर्तमानमा पनि त्यही छ । १९ सालको संविधान को भाग ३ धारा १० का तीन उपधाराले सबै नागरिक कानुनको समान संरक्षणको हकदार हुने, कानुनको प्रयोगमा धर्म, वर्ण, लिङ्ग, जात, जातिको आधारमा भेदभाव नहुने र सरकारी वा सार्वजनिक सेवाको नियुक्तिमा पनि भेदभाव नहुने कुरा छ । यही तीन कुरा ७२ को संविधानमा भाग ३ धारा १८ मा छ । उपधारा ४ थपेर समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन भन्नु उपधारा ३ को अनावश्यक व्याख्या मात्र हो ।

त्यो कालखण्डमा नागरिक हक नागरिक आफैले प्रयोग गर्न पाउने थियो भने वर्तमानमा यसको निमित्त कुनै न कुनै दललाई वारेसनामा दिन विवश छन् । त्यो पनि निर्वाचनमा मतको रुपमा मात्र । अर्थात नागरिक अब आफ्नो हक प्रयोगको निमित्त अरुलाई नै रद्द गर्न नमिल्ने अधिकृत वारेसनामा दिएर ढुक्कले बस्न स्वतन्त्र छन । प्रमुख प्रश्न नै अव यही भएको छ, के जनताले यसरी आफ्नो हक, जिम्मेवारी ढुक्कसंग अरुलाई सुम्पेर बस्नु ठिक हो त ? आश्चर्य जनक तरिकाले स्थानिय तहको पहिलो चरणको निर्वाचनमा जनताले आफ्नो अधिकारको प्रयोगकर्ता फेरी पनि दलहरुलाई नै मानेका छन् ।

कुन दल, अहिलेको प्रमुख दल कि अन्य कुनै भारेभुरे दल यस कुराको केही महत्व छैन । जत्रो भए पनि दलका प्रतिनिधिलाई आफ्नो हक जिम्मा लगाई सकेपछि चाहिएको वेला तिनै दलका नेताको जी हजुरी गर्नै पर्ने हुन्छ । आफुले अधिकृत वारेसनामा दिई सकेपछि त्यो वारेसनामा पाउनेले गरेको काममा चित्त नबुझाउने स्वतन्त्रता पनि विसर्जन गरिएको हुन्छ । यो कुरा मतदान गर्ने वेलामा ककसले मनन गऱ्यो, ककसले होहोरेमा लाग्यो भन्ने कुराको कुनै महत्व छैन । मनन गर्नेको पनि एक मत हो भने हो होरेमा दगुर्नेको पनि त्यही एक मत हो । विद्वानको पनि मत एक नै हुने हो भने सन्काहाको पनि उति नै ।

जनताले यसपटक अधिकृत वारेसनामा खारेज गर्न मानेनन् । बुझ्न जरुरी सम्झेनन् कि यस काममा कोही नेतृत्व आउने छैन, केही ज्याला आउने छैन । जनताले आफै भित्रबाट नेतृत्व तैयार गर्नु पर्दछ, आफ्नै पेट काटेर आफैलाई ज्याला दिनु पर्दछ । त्यसैले भोलीका दिनमा जनताको मत लिएर बनेका दलका प्रतिनिधिहरुले गरेको हरेक काम सहनै पर्दछ । विचार आ-आफ्नो हो, तर जनताले यो मौका भने चुकाएकै हुन्, त्यसैले भोग्नै पर्दछ ।

## नेपाल डुब्नबाट बच्नुपर्छ

दीर्घराज प्रसाईं

२०६३ सालपछि कांग्रेस (आई)ले कांग्रेस, एमाले र माओवादीका नेताहरुलाई नेतृत्व तहमा पुऱ्याएर नेपालका पहिचान, एकता र सार्वभौमसत्तालाई चकनाचुर पार्न लागिपरेको थियो । कांग्रेस (आई) र उसको गुप्तचर संस्था 'रअ'ले जे जे चाहेको थियो यिनीहरुले यही काम गरे । नेपाललाई वरवाद गर्नमा त्योबेला भारत, अमेरिका, यूरोपियन राष्ट्रहरुको स्वार्थ मिलेको थियो । जुनदिनदेखि माओवादी, कांग्रेस, एमालेले भारतको दिल्लीमा १२ बुँदे सहमति गरेर जनआन्दोलनको घोषणा गरे त्यही बेलादेखि नेपालको सार्वभौमसत्ता खतरामा गरेको छ ।

२०७१ सालपछि भारतीय जनता पार्टी (भाजपा) नरेन्द्र मोदी नेतृत्वको सरकार आएपछि अहिले माओवादीहरु भारतको लागि नैं घाँडो बनेका छन् । भाजपा सत्तामा रहेता पनि भारतीय गुप्तचर 'रअ' ले मोदी सरकारलाई पनि अनेकौं ललीपप देखाएर माओवादीका प्रचण्ड र बाबुराम भट्टराईलाई आफ्रनो पञ्जामा नैं राखेर उनीहरु मार्फत नेपालमा अस्तव्यस्त गराइरहने कूकर्ममा लागेको छ ।

नेपाल अस्थिर भए भारत पनि अस्थिर हुनसक्छ भन्ने कुरा मोदी सरकारले बुझेको हुनुपर्छ । सिक्किमका ल्याण्डुप पनि यस्तो लज्जास्पद रुपमा नाङ्गिएको थिएन । गल्ती गरेको थाहा पाएरै गिरिजाप्रसाद बदनाम भएर गए । माधव नेपाल, झलनाथ, सुशील कोइराला, शेरबहादुर देउवा, विजय गच्छेदारहरु, बाबुराम भट्टराई, प्रचण्डजीहरु भारतीय ढलमा परेर डुङडुङती गन्हाएका छन् । अव यो खतरनाक परिस्थितिबाट नेपाललाई बचाउन हिन्दु अधिराज्यलाई यथावत कायम गरी नेपाल डुब्नबाट बच्नुपर्छ।

# शायद अव भाँडतन्त्रको पालो आएछ

तारा सुवेदी

नेपाल राज्य निर्माण पूर्वको उपत्यकाभित्र यक्षमल्लका सन्तानले अंशवण्डा गरी रजाई गरेको टुक्रे राज्यलाई पृथ्वीनारायण शाहले (वि.सं.१८२५ मा) एकीकरण गरेर स्थापित गरेको शाहीतन्त्रदेखि यहाँ धेरै तन्त्र र षडयन्त्र प्रयोगमा आए । १९०३ मा कोतपर्वको नरसंहारबाट जन्मिएको राणा अधिवंशवादी निरंकुशतन्त्रलाई विस्थापित गरी राजा त्रिभुवनले प्रजातन्त्रको नामबाट सिंहदरवार पुगेको राज्यशक्ति २००७ सालमा नारायणहिटी भित्र्याएका थिए ।

२०१५ सालमा जनमतको वलमा शाही राज्यशक्ति हत्याएर कोइराला अधिवंशवादीको अर्को प्रजातन्त्र को बर्को ओढेको कोइरालातन्त्र स्थापित गर्ने षड्यन्त्र २०१७ सालमा विफल भयो । त्यसपछि राजाको छत्रछायाँमा पञ्चतन्त्र स्थापित भयो । त्यस्ले झण्डै तीन दशकको उकाली चढ्दै गर्दा २०४६ मा डेढवर्षे आर्थिक नाकावन्दीको आडवलमा संवैधानिक राजतन्त्रात्मक वहुदलीय संसदीय शासन तन्त्र जुन स्थापित गर्न पुगियो, त्यसकै जायज नाजायज कृत्य, अपकृत्यको नाजायज औलादको रुपमा २०६३ मा गणतन्त्र जन्मियो ।

नेपालमा झण्डै अढाई सयवर्षदेखिको राजतन्त्रात्मक परम्परावादी अधिवंशवादी शासनतन्त्र फाल्नेहरुले दशवर्षमा जेजस्ता कुकाम गरे, त्यस्लाई नै भााडतन्त्रको विधिवत् स्थापना गर्ने जमर्को वैशाख ३१ गतेबाट प्रारम्भ भयो । त्यो पहिलो चरणको कार्यसम्पन्न भएपछि अर्को विखण्डनतन्त्रको दोस्रो चरणको कार्य सायद जेठ ३१ गते पूरा गरिएला (?) (यदि संभव भए)

वैशाख ३१ गते भााडतन्त्रलाई विधिवत् स्थापित गर्ने दिनको रुपमा प्रस्तुत गर्दा धेरैलाई परिवर्तन विरोधी र पश्चात्गामी भन्ने विभ्रमले मनमस्तिक विथोल्न पनि सक्ला । तर वर्तमान सत्ता नियन्ताहरुले जसरी ..... (पार्टी) को उपहार गाउँगाउँमा सिंहदरवार भनिरहेछन् । त्यस्लाई उनीहरुले भलैँ ठूलो बहादुरीको रुपमा प्रस्तुत गरेको र आफूले स्थानीय निकायको निर्वाचनमा जनताबाट स्यावासी पाउने ठानेका हुन सक्छन् । तर जनता मूर्ख नभएकोले स्यावासीको साटो उल्टो लोप्पा जसरी खुवाउने संकेत आइरहेछ । स्पष्ट छ, जनताले पनि आजसम्म वानेश्वरका वी.आई.सी.सी.भवनभित्रका छसय भन्दा बढी संख्याका वादशाह र भारदारहरुले चलाएको सत्ता, शक्ति, स्वार्थ, सुविधामा चोचोमोचो मिलाउने, विकास निर्माणको नाममा भागशान्ति जय नेपाल गर्ने, तर जनहितका कामका बेला कुबेला राँडभाँड गर्दै, जगहासाई गर्ने विकृतिपूर्ण संस्कृति र प्रवृत्ति अव गाउँगाउँसम्म पुऱ्याइने भयो भन्ने अनुभूति गरिरहेका रहेछन् (?)

त्यस्ले अव त्यो केन्द्रको भाँडभैलो गाउँवेसीसम्म संस्थागत रुपमा नै पुग्ने भयो, भनिरहेका होलान् ? त्यसैले सायद स्पष्ट संकेत गर्छ अव भााडभैलोतन्त्र को संस्थागत विकास राम्ररी हुने भयो । नयाँ संविधान कार्यान्वयनको पहिलो चरणको अभ्यासले अहिले त्यही लक्षण देखाइरहेछ ।

## नीलकण्ठ पौडेलको फेसबुकबाट एउटा कार्टुन




## बाह्य हस्तक्षेप कति सहने ?



"वहिर्मुखी आर्थिक राष्ट्रवाद" 'Outward-Oriented Economic Nationalism' को नीति प्रतिपादन गर्नु पर्दछ ।

१. साम्यवाद हिंसामा आधारित अधिनायकवादी शासन पद्धति भएकोले असफल भयोस धेरै मुलुकहरूमा समाजवाद मिश्रित अर्थतन्त्रको रूपमा प्रयोग भयो र "पपुलर नारा"मा मात्र सीमित भएकोले न्यून आय भएका वर्गको उत्थानको निमित्त समाजवाद हातीको देखाउने दाँत मात्र भयोस पुंजीवादले गरीव र धनी वीचको खाडल अत्यधिक वढायो । २० प्रतिशत मानिसको हातमा संसारको ८० प्रतिशत साधन र सम्पतिको श्रोत केन्द्रित रह्यो ।

२. तसर्थ नेपाल जस्तो संसारको एउटा अत्यन्त गरीव र अल्पविकसित मुलुकले 'वहिर्मुखी आर्थिक राष्ट्रवाद'को नीति प्रतिपादन गर्नु पर्दछ । यो नीति अवलम्वन गरे मात्र नेपालमा आर्थिक सम्वृद्धिको प्रत्याभूति हुन्छ र मुलुकको सार्वभौमसत्ता अक्षुण्ण कायम रहन सक्छ ।

३. 'वहिर्मुखी आर्थिक राष्ट्रवाद' 'Outward-Oriented Economic Nationalism' को नीतिले राष्ट्रिय स्वार्थ र जनताको कल्याणलाई सर्वोपरि प्राथमिकतामा राखेर प्रतिस्पर्धाको आधारमा विश्व अर्थतन्त्रसंग प्रभावकारी ढंगले जोडेर उदारीकरण र विश्वव्यापीकरणवाट फाईदा उठाउने लक्ष्य राखेको हुन्छ ।

Note: Five pillars of economic nationalism comprise: -1) Evolution of National Consensus on major economic issues; -2) Application of independent domestic economy; -3) Economic integration within and across national boundaries; -4) Self reliance in potential areas; and 5) Induction of 'Innovative Resource Planning'